

# “हामी त्यहाँ हाम्रो आवाज उठाउन गएका थियौं, मारिन होइन”

## प्रदर्शनकारीहरूमाथि नेपालको घातक दमन

रिसर्च ब्रिफिङ्ग

एम्नेस्टी इन्टरनेसनल

# विषयसूची


१. कार्यकारी सारांश ४
२. विधि ६
३. पृष्ठभूमि ७
४. विरोध प्रदर्शनको समयरेखाः गैरकानुनी बल प्रयोगको तीव्र वृद्धि १०
४.१ ब्यारिकेड तोडिनु र प्रहरी नियन्त्रण गुम्नु १०
४.२ कम घातक हतियार प्रयोग गरी बलको अत्यधिक प्रयोग १२
४.३ बन्दुकको प्रयोग १३
५. मुख्य निष्कर्षहरू १४
६. कम घातक हतियारको दुरूपयोग १६
६.१ पानीको फोहोरा १६
६.२ अश्रुग्यास १९
६.३ काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइलहरू २२
७. सुरक्षा बलहरूद्वारा बन्दुकको गैरकानुनी प्रयोग २५
७.१ लापरवाहीपूर्ण र घातक बल २६
७.२ टाउको, घाँटी र छातीमा लागेका चोटपटकहरू २९
७.३ प्रहरीका कमजोरीहरूको स्वीकारोक्ति ३०
८. निष्कर्ष ३१
९. सिफारिसहरू ३२


*कभर फोटोः नेपालको सत्ता परिवर्तन गर्नेगरी भाद्र २३ गते भएको जेन-जेड आन्दोलनमा ज्यान गुमाएका व्यक्तिहरूको सम्झनामा २०८२ असोज १ गते संघीय संसद् भवन अगाडि मैनबत्ती र दियो बालेर श्रद्धाञ्जली अर्पण गर्दै। फोटोः सुबास श्रेष्ठ/नुर फोटो गेट्टी इमेजमार्फत*

यो ब्रिफिंगले २०८२ भाद्र २३ गते १९ जनाको मृत्यु र ३०० जना भन्दा बढी घाइते हुने गरी भएको “जेन-जेड” विरोध प्रदर्शनहरूमा नेपालले शान्तिपूर्ण भेला हुने अधिकारलाई सुनिश्चित गर्न विफल भएको तथ्य उजागर गरेको छ। यसले प्रहरी नियमनको प्रणालीगत कमजोरीहरू – भेलामाथिको अनुचित प्रतिबन्ध, बलको गैरकानुनी प्रयोग र प्रायः शान्तिपूर्ण रहेका प्रदर्शनकारीहरूमाथि हतियारको दुरूपयोग – लाई उजागर गर्छ र स्वतन्त्र अनुसन्धान, सभाहरू आयोजनाका लागि राम्रो सहजीकरण तथा भेलामाथि गरिने प्रहरी नियमनको व्यवस्थालाई अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूसँग मेल खाने बनाउनका लागि कानुनी सुधारको लागि आह्वान गरेको छ।

# शब्दार्थ

| शब्द | व्याख्या |
| --- | --- |
| बन्दुक (फाएरआर्म) | बन्दुक एउटा यस्तो हतियार हो जुन यसमा प्रयोग हुने गोला बारुदको प्रकृतिले ज्यान लिनको लागि डिजाइन गरिएको हुन्छ। राइफल वा पेस्तोल लगभग सधैं बन्दुक हुन्छ, किनकि यसमा लोड गरिएको धातुजन्य गोला बारुद केवल घातक प्रयोजनका लागि नै डिजाइन गरिएको हुन्छ। स्लग वा अन्य घातक गोला बारुदले भरिएको अवस्थामा शटगन पनि बन्दुक हुन सक्छ। तर यदि अश्रुग्यास, पेपर स्प्रे वा अन्य कम घातक पेलोडले भरिएको छ भने बन्दुक नहुन सक्छ। |
| आइसिसिपिआर | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध |
| केआइपिहरू (KIPs) | काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल (KIPs) मा प्लास्टिक र रबर बुलेटका साथै बीन ब्यागहरू, फोम राउन्डहरू र ठूला वा साना रबरका बलहरू जस्ता प्रभाव पैदा गर्ने हतियारका अन्य रूपहरू पर्दछन् र तिनलाई सामान्यतया प्रक्षेपण हतियारबाट प्रहार गरिन्छ। तिनीहरूको प्रयोग व्यक्तिहरूलाई हानि पुर्याउने जोखिम निम्त्याउने हिंसात्मक भद्रगोलको परिस्थितिहरूमा मात्र कडाइका साथ सीमित गरिनुपर्छ। |
| कम घातक हतियारहरू | पेपर स्प्रे, काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल वा लाठी जस्ता कम घातक हतियारहरूलाई कानुन कार्यान्यिन गर्ने अधिकारीहरूले बन्दुक र गोली जस्ता घातक हतियारको कम घातक विकल्पका रूपमा प्रयोग गर्ने गर्दछन्। मार्ने उद्देश्य नराखी केवल चोट पुर्याउने मात्र उद्देश्यका लागि प्रयोग गरिने सबै हतियारहरू कम घातक हतियारमा पर्दछन्। तर परिस्थिति र प्रयोगको तरिकाअनुसार ती हतियारले पनि घातक परिणाम ल्याउन सक्ने हुन्छ। |

# १. कार्यकारी सारांश

"जेन-जेड विरोध प्रदर्शन" भनेर व्यापक रूपमा जनाइएको युवाहरूको अगुवाइमा भएको विरोध प्रदर्शनको उभार २०८२ सालको भाद्र २३ र २४ गते नेपालभर फैलिएको थियो। भ्रष्टाचार र बढ्दो आर्थिक असमानताविरूद्ध चुलिँदो सार्वजनिक असन्तुष्टिको पृष्ठभूमिमा सरकारद्वारा लगाइएको सामाजिक सञ्जालमाथिको व्यापक प्रतिबन्धले अन्ततोगत्वा उक्त विद्रोहलाई सहज बनाइदिएको थियो। पहिलो दुई दिन देशभरीका शान्तिपूर्ण विरोध प्रदर्शनहरूमाथि प्रहरीले निर्मम दमन गर्यो। आम अशान्ति भने भाद्र २८ गतेसम्म जारी रह्यो र छैठौं दिनको अन्त्यसम्ममा तीन प्रहरी अधिकारीहरूसहित ७६ जनाको मृत्यु भयो र २,००० जना भन्दा बढी घाइते भए।

यो ब्रिफिङ भाद्र २३ गते राजधानी काठमाडौंमा भएको विरोध प्रदर्शनका क्रममा नेपालका सुरक्षा बलका इकाइहरूले १९ जनाको मृत्यु र ३०० भन्दा बढी व्यक्ति घाइते हुनेगरी गरेको गैरकानुनी बल प्रयोगमा केन्द्रित रहेको छ। यो ब्रिफिङले मूलतः हिंसात्मक प्रदर्शनकारीहरूको संलग्नतामा भएका भाद्र २३ पछि भएका घटनाहरूको दस्तावेजीकरण गरेको छैन तर यसले ती घटनाहरूको गाम्भीर्यलाई कम गर्दैन। ति सबै घटनाहरूको पनि स्वतन्त्र र निष्पक्ष अनुसन्धान हुनुपर्छ र जिम्मेवारहरूलाई निष्पक्ष कानुनी अभियोजन र सुनुवाइका माध्यमबाट न्यायको कठघरामा ल्याउनुपर्छ।

प्रदर्शनकारी, आन्दोलनका आयोजकहरू र घाइतेहरूको उपचार गर्ने अस्पतालका कर्मचारीहरूबाट प्राप्त प्रत्यक्षदर्शी बयान र खुला स्रोतबाट प्राप्त भएका भिडियो र तस्बिरहरूको विश्लेषण सहितको प्रमाणको आधारमा यस ब्रिफिंगले विरोध प्रदर्शनहरूलाई नियमन (पोलिसिङ्ग) गर्ने सम्बन्धमा नेपालको सुरक्षा बलको आचरणलाई नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूको कसिमा मूल्याङ्कन गरेको छ। एम्नेस्टी इन्टरनेसनलले कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले प्रायः शान्तिपूर्ण प्रदर्शनकारीहरू विरुद्ध कम घातक हतियारको दुरुपयोग र घातक हतियारको प्रयोग गर्नुका साथै अनावश्यक र अत्यधिक बल प्रयोग गरेको पाएको छ।

ब्रिफिंगले भाद्र २३ गते माइतीघर चोकबाट सुरू भई नयाँ बानेश्वरको संसद भवनतर्फ अघि बढेको विरोध प्रदर्शनको समयरेखालाई दस्तावेज गरेको छ। बिना कुनै पनि अप्रिय घटना विरोध प्रदर्शन बिहानदेखि सुरू भएको थियो। तर प्रदर्शनकारीहरूको एक समूहले संसदबाट ५०० मिटरभन्दा कम दूरीमा प्रहरीले बनाएको ब्यारिकेडलाई भत्काएपछि तनाव बढ्न पुगेको थियो। नेपाल प्रहरीले एम्नेस्टी इन्टरनेसनललाई दिएको आफ्नो जवाफमा स्थानीय कानुनअनुसार नै त्यसरी बनाइएको ब्यारिकेड स्थानीय कानुनअनुसार भएको दाबी गरेको छ। तर यस्तो अवरोध खडा गर्नु अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत शान्तिपूर्ण भेला हुने अधिकारसँग मेल किनभने प्रदर्शनकारीहरूले लक्षित गरेको स्थल संसद् भवनको दृष्टि पुग्ने र आवाज सुनिने ठाउँमा प्रदर्शनकारीहरूलाई पुग्नबाट त्यसले प्रतिबन्धित गरेको थियो। सुरक्षा बलहरूले बल प्रयोगको एउटा तहमा प्रतिवाद गरे जुन पछिल्लो पाँच घण्टामा द्रुत गतिमा वृद्धि हुँदै गयो। पहिले कम घातक हतियारहरू प्रयोग गरियो, त्यसपछि प्रत्यक्ष गोला बारुद नै प्रयोग गरियो। प्रदर्शन शान्तिपूर्ण रहेको अवस्थामा पनि यी हतियारहरूको प्रयोग गरियो।

यसबाहेक, ब्यारिकेड राख्नाले प्रदर्शनकारीहरूको क्रोध र निराशा मात्र बढ्न पुग्यो र यो एक प्रत्युत्पादक उपाय साबित भयो। यस्तो उपायले स्थितिलाई बिग्रने जोखिम निम्त्यायो र त्यसैले सार्वजनिक व्यवस्था कायम राख्ने कानुन कार्यान्वयनको दृष्टिकोणबाट यो ठीक उल्टो भयो।

प्रहरीले सुरूमा प्रदर्शनकारीहरू विरुद्ध पानीको फोहोरा प्रयोग गर्यो। केही अवस्थामा सडकको छेउमा रेलिङमा अड्किएका मानिसहरूमाथि उच्च चापको जेट पनि प्रहार गर्यो। त्यसपछि, प्रदर्शनकारीहरूले संसद भवन घेरेपछि प्रहरीले माथिल्लो स्थानबाट प्रदर्शनकारीहरूमाथि अश्रुग्यासको ग्रेनेड प्रहार गर्यो। यी मध्ये केही ग्रेनेडहरू अस्पताल

भित्र र वरपर पनि फालिएको थियो जसले गम्भीर चिकित्सा सेवा प्रवाहमा अवरोध पुर्यायो। केही प्रदर्शनकारीहरू संसदको ढोकामा चढ्न थालेपछि प्रहरीले कुनै चेतावनी नदिई भीडमा रबरको गोली प्रहार गर्न सुरू गरेको थियो।

सबेर दिउँसो सुरूमा केही प्रदर्शनकारीहरूले ढुङ्गा हान्न थालेपछि सुरक्षा बलहरूले गोलाबारुद चलाउन थाले। एम्नेस्टी इन्टरनेसनलले मृत्यु वा गम्भीर चोटपटकको तत्काल खतरा नभएको अवस्थामा प्रहरीले घातक बल प्रयोग गरेको प्रमाण फेला पारेको छ जसका कारण स्वेच्छाचारी रूपमा प्रदर्शनकारीहरूको जीवनको अधिकार छिनिएको छ। प्रदर्शनकारी र स्वास्थ्यकर्मीहरूको बयानले प्रहरीले बारम्बार घातक बलको गैरकानुनी प्रयोग गरेको, भीडमा गोली चलाएको र प्रदर्शनकारी तथा सडक पेटीमा हिँडिरहेका प्रदर्शनमा असंलग्न व्यक्तिहरूलाई गम्भीर घाइते बनाएको र हत्या गरेको देखाएको छ। एम्नेस्टी इन्टरनेसनलले चिकित्साकर्मी, प्रदर्शनकारी र पत्रकारहरूले दिएको बयानका साथै फोटो र भिडियो विश्लेषणका आधारमा प्रहरीले घाइते र मृतकहरूलाई टाउको, छाती र घाँटीमा बारम्बार गोली हानेको पत्ता लगाएको छ र यसले उनीहरूमा प्रदर्शनकारीहरूलाई मार्ने मनसाय रहेको स्पष्ट रूपमा संकेत गर्दछ।

एम्नेस्टी इन्टरनेसनलले नेपालका सुरक्षा बलद्वारा भएको भाद्र २३ गते को कार्यहरू अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लङ्घन रहेको पाएको छ। अनुसन्धानका निष्कर्षहरूले कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले गैरकानुनी रूपमा अश्रुग्यास र पानीको फोहोराका साथै प्रायः बिना कुनै चेतावनी वा तनावलाई न्यूनीकरण गर्ने कुनै वास्तविक प्रयास नगरिकन रबरका गोली र रबर-लेपित धातुका गोलीहरूलाई निकै नजिकबाट प्रदर्शनकारीहरूमाथि सिधै ताकेर हान्नुका साथै अन्य काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइलहरूलाई समेत प्रयोग गरेको देखाएको छ। धेरै उदाहरणहरूमा त कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि बल तथा हतियारको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरूमा उल्लिखित मापदण्ड र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको समेत बर्खिलाप हुने गरी त्यस्ता हतियारहरूलाई तिनको प्रयोग पूर्ण रूपमा अनावश्यक रहेको वा अत्यधिक हुने अवस्थामा समेत प्रयोग गरिएको थियो।

मृत्यु वा गम्भीर चोटपटकको तत्काल खतरा पैदा नगरेका प्रदर्शनकारी विरुद्ध बन्दुकको प्रयोग गरिनु र त्यसको परिणामस्वरूप बालबालिका र पत्रकारहरू सहित सडक पेटीमा रमिते वा दर्शकका रूपमा रहेकाहरूलाई गोली लागी घाइते हुन पुग्नु बलको पूर्णतया अनावश्यक र गैरकानुनी प्रयोग हो। त्यस परिस्थितिमा घातक हतियारहरूको जुन तरिकाले प्रयोग गरियो त्यसले गैरन्यायिक र स्वेच्छाचारी हत्याहरूलाई संकेत गर्दछ जुन नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आइसिसिपिआर) र बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरूअन्तर्गतका नेपालको दायित्वहरूको उल्लङ्घन हो।

पूर्णतया शान्तिपूर्ण भेलामा सहभागी भएकाहरूलाई अनावश्यक र अत्यधिक बल प्रयोग गरी तितरबितर पारेर अधिकारीहरूले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धअन्तर्गत प्रत्याभूत गरिएको अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकारलाई पनि अवमूल्यन गरे। गैरकानुनी हत्या, अत्यधिक बल प्रयोग तथा अस्पताल र अस्पताल नजिकका बिन्दुहरूमा गरिएका आक्रमणका यी ढाँचाहरूले अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालको दायित्वहरूप्रतिको प्रणालीगत उपेक्षालाई औंल्याउँदछन् र तत्काल जवाफदेहिता र सुधारको आवश्यकता रहेको दर्शाउँदछन्।

एम्नेस्टी इन्टरनेसनलले यस ब्रिफिंगमा धेरै सिफारिसहरू गरेको छ। ति सिफारिसहरू मूलतः निम्न रहेका छन्: भाद्र २३ गते प्रदर्शनकारी र सडकपेटीमा रहेका सर्वसाधारण विरुद्ध कानुन कार्यान्वउन गर्ने अधिकारीहरूद्वारा बन्दुक लगायतका हतियार, अश्रुग्यास, पानीको फोहोरा र *काइनेटिक इम्याक्ट प्रोजेक्टाइल*हरूको गैरकानुनी प्रयोगसमेतका बलको गैरकानुनी प्रयोगका असंख्य आरोपहरूको शीघ्र, स्वतन्त्र, निष्पक्ष र प्रभावकारी अनुसन्धान सुनिश्चित गर्ने;

जनताको लागि व्यापक रूपमा पहुँचयोग्य माध्यममार्फत समयमै ती अनुसन्धानका निष्कर्षहरू प्रकाशित गर्ने; सबै जिम्मेवारहरू - ती चाहे वरिष्ठ वा कनिष्ठ अधिकारी जेसुकै हुन् — लाई जवाफदेही बनाउने र निष्पक्ष सुनुवाइको प्रकृयामार्फत उनीहरूलाई न्यायको कठघरामा उभ्याउने सुनिश्चित गर्ने; अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूसँग मेल नखाने बल प्रयोगसम्बन्धी घरेलु कानुन र नियमावलीहरूमा संशोधन गर्ने; र सभा तथा विरोध प्रदर्शनहरूलाई सहजीकरण गर्ने गरी प्रहरीद्वरा विरोध सभामाथि गरिने नियमनको अभ्यास र अवधारणामा अनुकूलन गर्ने। यसले अन्य सरकारहरूलाई शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकारको सम्मान, संरक्षण र सहजीकरण गर्न नेपाली अधिकारीहरूलाई आग्रह गर्न आफ्नो अधिकारमा रहेका सबै द्विपक्षीय, बहुपक्षीय र क्षेत्रीय प्लेटफर्महरू प्रयोग गर्न पनि आह्वान गर्दछ।

# २. विधि

यस ब्रिफिंगले २०८२ भाद्र २३ गते नेपालको राजधानी काठमाडौँमा भएको जेन्-जेड विरोध प्रदर्शनको क्रममा नेपालको सुरक्षा बलका इकाइहरूले गरेको मानवअधिकार उल्लङ्घनहरूको परीक्षण गर्दछ किनभने सुरक्षा बलहरूद्वारा भएको कार्यहरूको सङ्कलित विविरणले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लङ्घनका साथै स्वतन्त्र र निष्पक्ष अनुसन्धान तथा जवाफदेहिता आवश्यक पर्ने खालको बलको गैरकानुनी प्रयोगको ढाँचाहरूलाई उजागर गरेका छन्। यी घटनाहरूले भेला तथा सभाहरूलाई प्रहरीद्वारा गरिने व्यवस्थापनमा रहेका प्रणालीगत कमजोरीहरूलाई पनि उजागर गरेका छन्। हिंसालाई बढाउनमा योगदान पुर्‍याएका ती कमजोरीहरूको पुनरावृत्ति नहुने सुनिश्चितताका लागि नीतिगत र कार्यगत सुधारहरूमार्फत सम्बोधन गरिनुपर्छ। त्यसैले सुरक्षा बलहरूद्वारा भएका गम्भीर उल्लङ्घनहरूमाथि प्रकार्श पार्नु तथा मानवअधिकार-सम्मान गर्ने प्रहरी व्यवस्थापन र जवाफदेहिताको गम्भीर आवश्यकतालाई उजागर गर्नु नै यस ब्रिफिंगको उद्देश्य हो। यस ब्रिफिंगले भाद्र २३ गते पछि भएका विशेषगरी हिंसात्मक प्रदर्शनकारी र भीडहरू संलग्ल घटनाहरूको दस्तावेजीकरण गरेको छैन। तर यसको अर्थ ती घटनाहरू कम गम्भीर थिए भन्ने कदापि होइन। ती घटनाहरूमाथि पनि स्वतन्त्र, निष्पक्ष अनुसन्धान गरिनुपर्छ र जिम्मेवारहरूलाई निष्पक्ष सुनुवाइमार्फत न्यायको कठघरामा ल्याइनुपर्छ।

विशेषगरी यो ब्रिफिंगले भाद्र २३ गते माइतीघरबाट सुरू भई काठमाडौंको मध्य भागमा रहेको माइतीघरदेखि लगभग १ किलोमिटर पूर्वमा अवस्थित नयाँ बानेश्वरस्थित संसद परिसरतर्फ अघि बढिरहेको विरोध प्रदर्शनलाई सम्बोधन गर्दछ। यो ब्रिफिंङ्गले विरोध विरोध प्रदर्शनहरूको नियमन वा व्यवस्थापन र बल प्रयोगका सवालमा रहेका प्रणालीगत विफलताहरूलाई प्रतिबिम्बित गर्ने केही प्रतिनिधिमूलक घटनाहरूलाई दस्तावेजीकरण गरेको छ। तर यसमा सबै घटनाहरूको पूर्ण अनुसन्धान गर्ने लक्ष राखिएको छैन।

यो ब्रिफिंग मुख्यतया अन्तर्वार्ता र खुला स्रोतबाट प्राप्त भएका भिडियो र तस्बिरहरूको विश्लेषणका साथै सरकारी सूचना र कानुनहरू, नेपालको सर्वोच्च अदालतको फैसलाहरू, समाचार लेखहरू, सामाजिक सञ्जाल पोस्टहरू, चिकित्सा कागजातहरू र अन्य संस्थाहरूद्धारा प्रकाशित प्रतिवेदनहरूको साहित्य समीक्षामा आधारित छ। अनुसन्धान एम्नेस्टी इन्टरनेसनलको अनुसन्धान विधि र प्रमाणिकरण मापदण्डअनुसार गरिएको थियो। २०८२ साल भाद्र ३१ गतेदेखि असोज ३ गतेको बीचमा एम्नेस्टी इन्टरनेसनलले २५ जनाको अन्तर्वार्ता लिएको थियो जसमध्ये २३ जना पुरुष र दुई महिला थिए। यो असमानताको कारणमा नेपालको राजनीतिक र सार्वजनिक सक्रियता र अभियानहरूमा अझै विद्यमान रहेको लैङ्गिक असमानता हो जसकै कारण फोटो र भिडियोमा देखिएका प्रमाणहरूमा विरोध प्रदर्शनमा सहभागीहरूको ठूलो हिस्सा पुरुषले नै ओगटेको हुन सक्छ। अन्तर्वार्ता लिइएकाहरूमा निजामती कर्मचारी अस्पताल,

राष्ट्रिय ट्रमा सेन्टर, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल र एभरेस्ट अस्पतालका सात डाक्टर र दुई स्वास्थ्य सेवा कर्मचारीहरू; दुईजना विरोध प्रदर्शनका आयोजक सहित छ जना प्रदर्शनकारीहरू; एम्नेस्टी इन्टरनेसनल सहित नागरिक समाज संस्थाहरूसँग सम्बन्धित दुई पर्यवेक्षकहरू; विरोध प्रदर्शनलाई कभर गर्ने क्रममा घाइते भएका चार पत्रकारहरू; दुई प्रहरी अधिकारीहरू र दुई मृतक प्रदर्शनकारीका आफन्तहरू थिए। अन्तर्वार्ताहरू सुरक्षित स्थानहरूमा भौतिक उपस्थितिमा लिइएको थियो।

सबै निष्कर्षहरूलाई प्रत्यक्षदर्शी र चिकित्सकहरूको बयान, सरकारी सूचना र तथ्याङ्क, अस्पतालका अभिलेखहरू र डिजिटल रूपमा उपलब्ध फोटोग्राफिक र भिडियो प्रमाणहरूको आधारमा स्वतन्त्र स्रोतहरूबाट त्रिकोणात्मक रूपमा पुष्ट्याइं गरिएको थियो। एम्नेस्टी इन्टरनेसनलको डिजिटल अनुसन्धान टोली एभिडेन्स ल्याबले भाद्र २३ गते विभिन्न सामाजिक सञ्जालमा प्रकाशित र भाद्र ३१ देखि असोज ३ गतेका बीच अनुसन्धानकर्ताहरूसँग श्रोतहरूले प्रत्यक्ष साझा गरेका नेपालको संसद वरपर खिचिएका ३३ भिडियो र २५ तस्बिरहरूलाई पनि प्रमाणिकरण गरेको थियो।

सबै अन्तर्वार्ताहरू नेपालीमा लिइएका थिए र पछि अंग्रेजीमा अनुवाद गरिएको थियो। वास्तविक नामको सट्टा छद्म नाम प्रयोग गरिएको छ र सुरक्षा र गोपनीयताको कारण अन्तर्वार्ता लिइएकाहरूको पहिचान संरक्षण गर्नका लागि अन्य पहिचानगत विवरणहरूलाई समावेश गरिएको छैन।

मङ्सिर १० गते एम्नेस्टी इन्टरनेसनलले नेपाल प्रहरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई ब्रिफिङ्गको प्रारम्भिक निष्कर्षहरूलाई उल्लेख गर्दै पत्रहरू पठायो र त्यसमा प्रतिक्रियाको लागि अनुरोध गर्‍यो। यो प्रकाशन गर्ने समयमा एम्नेस्टी इन्टरनेसनलले नेपाल प्रहरीबाट मात्र एउटा जवाफ प्राप्त गरेको छ जसलाई यस ब्रिफिङमा प्रतिबिम्बित गरिएको छ।

# ३. पृष्ठभूमि

कम्तीमा १९ जनाको मृत्यु र ३०० भन्दा बढी व्यक्ति घाइते हुने गरी नेपालमा भाद्र २३ गते घटेका घटनाहरू भ्रष्टाचार र देशमा बढ्दो आर्थिक असमानता विरुद्ध बढ्दो सार्वजनिक असन्तुष्टिको बीचमा भएका थिए र त्यसलाई सामाजिक सञ्जालमा सरकारद्वारा लगाइएको प्रतिबन्धका कारण तीव्र बनेको तनावका कारण पैदा भएका थिए। युवा नेपालीहरूको ठूलो सहभागिताका कारण "जेन-जेड विरोध" भनिएको यो विरोध प्रदर्शन भाद्र २३ र २४ गते भएको थियो र व्यापक सामाजिक अशान्ति भाद्र २८ सम्म चलेको थियो।[१] छ दिनमा तीन प्रहरी अधिकारीहरू सहित कम्तिमा ७६ जनाको मृत्यु भयो, २००० भन्दा बढी व्यक्तिहरू घाइते भए र ६८८ सरकारी कार्यालयहरू, २५९ निजी आवासहरू, १२८ व्यवसायहरू, १९८ राजनीतिक दलका कार्यालयहरू र ३०७ प्रहरी चौकीहरू सहित लगभग १५८० सम्पत्तिहरू या त पूर्ण रूपमा ध्वस्त भए वा व्यापक आगजनी र तोडफोडको निसानामा परे।[२] आधिकारिक स्रोतहरूलाई उद्धृत गर्दै मिडिया रिपोर्टहरूले भाद्र २३ मा २२ प्रदर्शनकारीहरू मारिएका सङ्केत गरेका छन्; भाद्र २४

[१] नेपाल सरकार, गृह मन्त्रालय, प्रेस विज्ञप्ति,०९/०६/२०८२, नेपाल संवत ११४५, https://www.moha.gov.np/post/pa-ra-sa-va-ja-niapa-ta-187

[२] राइजिङ्ग नेपाल, "Signs of Gen-Z protest were visible, but it unfolded abruptly: Army", 18 October 2025, https://risingnepaldaily.com/news/69825; Reuters, "Death toll from Nepal's anti-corruption protests raised to 72", 14 September 2025, https://www.reuters.com/world/asia-pacific/death-toll-nepals-anti-corruption-protests-raised-72-2025-09-14; काठमाण्डु पोष्ट, "A third of buildings torched in Gen Z protests fully destroyed", 9 October 2025, https://kathmandupost.com/national/2025/10/09/a-third-of-buildings-torched-in-gen-z-protests-fully-destroyed; द हिन्दु, "A month since Gen Z protests, Nepal faces a tough road to democratic reform", 10 October 2025, https://www.thehindu.com/news/international/a-month-since-gen-z-protests-nepal-faces-a-tough-road-to-democratic-reform/article70144854.ece; काठमान्डु पोष्ट, "Relatives, well-wishers hold candlelight vigil for Gen Z protest victims", 10 October 2025, https://kathmandupost.com/visual-stories/2025/10/10/relatives-well-wishers-hold-candlelight-vigil-for-gen-z-protest-victims

गते १७ प्रदर्शनकारीहरूलाई गोली हानी मारियो, देशका विभिन्न भागमा चर्किएको अशान्तिका बीचमा जेलबाट भागिरहेका १० जना कैदीहरू, जसमा प्रहरीद्वारा (छ कैदी) र सेनाद्वारा (चार कैदी), गोली प्रहारबाट मारिए, तीन प्रहरी अधिकारीहरूलाई आक्रोशित भीडले कुटपिट गरी हत्या गर्‍यो, जबकि हिंसात्मक भीडले आगो लगाएका देशभरका विभिन्न भवनहरूमा २४ जना मृत फेला परे।[३] भाद्र २४ गते प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि र धेरै ठाउँमा प्रहरी विरुद्ध हिंसाका घटनाहरू भएपछि भाद्र २४ गते राति १० बजेदेखि काठमाडौं र देशका अन्य शहरहरूको सडकमा गस्ती गर्न नेपाली सेनालाई तैनाथ गरिएको थियो। विरोध प्रदर्शनको नेतृत्व गरिरहेका "जेन-जेड" समूहहरूले आन्दोलनलाई " 'अवसरवादी' घुसपैठियाहरूले अपहरण गरेको" भन्दै हिंसात्मक कार्यहरूबाट आफूलाई टाढा राखेका थिए।[४] भाद्र २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई छ महिना भित्र प्रतिनिधि सभाको निर्वाचन गर्ने कार्यादेशसहित अन्तरिम सरकारको नेतृत्व गर्नगरी नयाँ प्रधानमन्त्रीका रूपमा नियुक्त गरे।[५] यो ब्रिफिंग शान्तिपूर्ण रूपमा सुरू भएको र प्रहरीले घातक तथा कम घातक हतियारहरूको प्रयोग गर्न थालेपछि मात्र हिंसात्मक हुन पुगेको विरोध प्रदर्शनको पहिलो दिनको घटनाहरूमा केन्द्रित छ।

सामाजिक सञ्जाल प्लेटफर्महरूमा कडा नियमहरू लागू गर्ने प्रयासहरू २०८० सालदेखि नै सुरू भएको थियो जतिबेला २०८० मङ्सिर ११ गते नेपाल सरकारले विद्युतीय कारोबार ऐन, २०६३[६] अन्तर्गत १५ बुँदे सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० प्रकाशित गरेको थियो।[७] निर्देशिकाले सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नेपालको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ("यसपछि" मन्त्रालय)मा दर्ता गर्न अनिवार्य गरेको थियो। त्यसरी मन्त्रालयमा दर्ता गर्ने नियम पालना गर्न विफल हुने कुनै पनि प्लेटफर्मको सञ्चालनलाई निलम्बन गरिने व्यवस्था छ।[८] निर्देशिकाले प्रयोगकर्ताहरूलाई नक्कली खाताहरू सिर्जना गर्न, घृणायुक्त अभिव्यक्ति, गलत जानकारी, वा अश्लील र चरत्र हत्या गर्ने सामग्री फैलाउन र साइबरबुलिङ, फिसिङ, वा गैरकानुनी कार्यहरूलाई प्रवर्द्धन गर्ने जस्ता गतिविधिहरूमा संलग्न हुनबाट निषेध गरेको छ।[९] यसले सहमति बिना निजी वा हेरफेर गरिएका तस्बिरहरू प्रकाशन गर्न पनि प्रतिबन्ध लगाएको छ।[१०] निर्देशिकामा रहेका व्यवस्थाहरूको कार्यान्वयनका लागि निर्देशिकाले मन्त्रालय अन्तर्गतको सामाजिक सञ्जाल व्यवस्थापन इकाइलाई प्रयोगकर्ताको गुनासो सम्बोधन गर्न र प्लेटफर्महरूलाई निषेधित सामग्री हटाउन निर्देशन दिने कार्यादेश दिएको थियो।[११]

सेप्टेम्बर २०२४ मा नेपालको सर्वोच्च अदालतले वेबसाइट सिधाकुरा डट कम विरुद्ध न्यायपालिका विरुद्ध मानहानिपूर्ण लिखित, श्रव्य र दृश्य सामग्री प्रकाशित गरेको आरोपमा दायर गरिएको अदालतको अवहेलना मुद्दामा सुनुवाइ गर्दै अनलाइन र सामाजिक सञ्जाल प्लेटफर्महरूले सञ्चालन गर्नु अघि दर्ता गर्नुपर्ने फैसला सुनायो।[१२]

---

[३] कान्तिपुर, "Post-mortem confirmed that 39 people were killed by bullets, all of whom were hit in the waist", 11 October 2025, https://ekantipur.com/news/2025/10/28/postmortems-confirm-that-all-39-people-killed-by-gunfire-were-shot-in-the-waist-03-11.html

[४] बिबिसि, "Nepal protests 'hijacked', Gen Z claim, as army patrols the streets", 10 September 2025, https://www.bbc.co.uk/news/articles/cjd1ndmrej0o

[५] एम्नेस्टी इन्टरनेसनल, *नेपालः विरोधकर्ताहरूले इमानदारिता, अधिकार र विधिको शासनको माग गरेका छन्*, २८ भाद्र २०८२, https://www.amnesty.org/en/wp-content/uploads/2025/09/ASA3102972025ENGLISH.pdf

[६] नेपाल, विद्युतीय कारोबार ऐन, २०६३, https://lawcommission.gov.np/content/13397/electronic--electronic--traded-international-act--2063

[७] नेपाल, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०, https://mocit.gov.np/content/8361/8361-directives-for-managing-the-us/

[८] नेपाल, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० (यसअघि साइट गरिएको)।

[९] नेपाल, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० (यसअघि साइट गरिएको)।

[१०] नेपाल सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०, २०८० मंसिर ११ गते, https://giwmscdnone.gov.np/media/app/public/22/posts/1701329617_80.pdf

[११] नेपाल सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०, २०८० मंसिर ११ गते, https://giwmscdnone.gov.np/media/app/public/22/posts/1701329617_80.pdf

[१२] *गोविन्दप्रसाद घिमेरे वि. सिधाकुरा डट कम समेत* (०८-CF-००१२), नेपालको सर्वोच्च अदालत (सन् २०२४), https://supremecourt.gov.np/web/assets/downloads/080-CF-0012.pdf; Kathmandu Post, "Top court says all social media, online sites must register", 17 August 2025, https://kathmandupost.com/national/2025/08/17/top-court-says-all-social-media-online-sites-must-register

अदालतले सामाजिक र डिजिटल मिडिया नेटवर्कहरूलाई जवाफदेही बनाउनुपर्ने र झुट्टा खाताहरू सिर्जना गर्न निरुत्साहित गर्नुपर्ने आवश्यकतामा थप जोड दियो। यद्यपि, फैसलाको पूर्ण पाठ २०८२ श्रावण ३१ गते मात्र प्रकाशित गरियो। यद्यपि अदालतले दर्ता गर्नुपर्ने आवश्यकतालाई कायम गरेतापनि दर्ता नभएका प्लेटफर्महरूमाथि पूर्ण रूपमा प्रतिबन्ध लगाउनका लागि स्पष्ट रूपमा अधिकार दिएको भने थिएन।[१३]

पाँच महिना अघि सन् २०२५ मार्चमा नेपाल सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० उद्धृत गर्दै सामाजिक सञ्जाल प्रेटफर्महरूलाई ३० दिनभित्र मन्त्रालयमा दर्ता गर्न आह्वान गरिसकेको थियो।[१४] पछि २०८२ भाद्र ०९ गते त्यही मापदण्डअन्तर्गत सर्वोच्च अदालतको फैसलालाई उद्धृत गर्दै पुनः सबै सामाजिक सञ्जालहरूलाई सात दिनभित्र मन्त्रालयअन्तर्गत दर्ता गर्न र आफ्नो स्थानीय प्रतिनिधि तोक्न निर्देशन जारी गर्यो।[१५] अधिकारीहरूले मिथ्या समाचार, घृणास्पद अभिव्यक्त र अनालाइन प्लेटफर्मको आपराधिक दुरूपयोगलाई प्रतिवाद गर्नका लागि यी उपायहरू आवश्यक रहेको जनाए।[१६]

जब कम्पनीहरूले सात दिनको समय सीमाभित्र दर्ता गर्न सकेनन् त्यसपछि सरकारले प्रतिबन्ध लगायो।[१७] भाद्र १९ गते अधिकारीहरूले दर्ता नभएका प्लेटफर्महरूमाथि प्रतिबन्धको आदेश दियो।[१८] मध्यरातसम्ममा फेसबुक, इन्सटाग्राम, ह्वाट्स्याप, युट्युब, लिङ्कइडइन, रेडिट, सिग्नल र स्न्यापच्याटलगायतका २६ वटा प्लेटफर्महरू बन्द गरिए।[१९] सञ्चार, ब्यापार र शिक्षामाथि लगाइएको यो अचानकको अवरूद्धताले डिजिटल सञ्जालहरूमा अति नै धेरै निर्भर रहेका विशेषगरी युवाहरू माझ व्यापक आक्रोश पैदा गर्यो।[२०]

यसको सँगसँगै समानान्तर रूपमा इन्डोनेसियामा विद्यार्थीहरूको नेतृत्वमा भएको विरोध प्रदर्शनहरूमा[२१] सबैभन्दा पहिले चर्चामा आएको *ह्यास ट्याग नेपो बेबी* (#NepoBaby) ट्रेन्ड नेपालमा पनि लोकपृय बन्न पुगेको थियो।[२२] यसले राजनीतिक तथा व्यावसायिक अभिजात वर्गले अनलाइनमा देखाएको विलासी जीवनशैली र आम नेपालीको दैनिक संघर्ष बीचको स्पष्ट भिन्नतालाई उजागर गर्‍यो जसले विशेष गरी युवाहरूमाझ शासक वर्ग विरुद्ध व्यापक आक्रोश बढ्यो।

यस पृष्ठभूमिमा सरकारको सामाजिक सञ्जालहरूमाथि लगाइएको प्रतिबन्धलाई अभिव्यक्ति स्वतन्त्रतालाई दबाउने अर्को प्रयासको रूपमा व्यापक रूपमा लिइयो। यसको प्रतिजवाफमा नेपालमा बढ्दो भ्रष्टाचार, आर्थिक असमानता र दमनको विरुद्धमा प्रदर्शन गर्न विभिन्न आन्दोलन र समूहहरू एकजुट भए।[२३]

---

[१३]काठमाण्डु पोष्ट, “How top court helped government implement social media blockage”, 5 September 2025, https://kathmandupost.com/national/2025/09/05/how-top-court-helped-government-implement-social-media-blockage

[१४] नेपाल सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०, २०८० मंसिर ११ गते, https://giwmscdnone.gov.np/media/pdf_upload/sen_zm5nguu.pdf

[१५] रिपब्लिका, “Nepal gives social media platforms seven days to register or face ban”, 27 August 2025, https://myrepublica.nagariknetwork.com/news/nepal-issues-fresh-seven-day-ultimatum-for-social-media-platforms-to-regist-47-63.html

[१६] रिपब्लिका, “Nepal gives social media platforms seven days to register or face ban”, (previously cited); Nepali Times, “Protest grows against Nepal’s social media ban”, 5 September 2025, https://nepalitimes.com/news/protest-grows-against-nepal-s-social-media-ban

[१७] फिस्कल नेपाल, “Nepal government orders social media platforms to register within 7 days or face deactivation in Nepal”, 27 August 2025, https://www.fiscalnepal.com/2025/08/27/21960/nepal-government-orders-social-media-platforms-to-register-within-7-days-or-face-deactivation-in-nepal

[१८] काठमाण्डु पोष्ट, “Nepal’s social media ban explained in six questions”, 4 September 2025, https://kathmandupost.com/national/2025/09/04/nepal-s-social-media-ban-explained-in-six-questions

[१९] एनडिटिभि वर्ल्ड, “Facebook, WhatsApp, X: List Of 26 Apps Banned In Nepal”, 8 September 2025, https://www.ndtv.com/world-news/facebook-whatsapp-x-list-of-26-apps-banned-in-nepal-9237116

[२०] गल्फ न्युज् “Explained: Why Nepal’s social media ban triggered deadly Gen-Z protests”, 9 September 2025, https://gulfnews.com/world/asia/explained-why-nepal-s-social-media-ban-triggered-deadly-gen-z-protests-1.500261317

[२१] बिबिसि न्युज, “How the death of a delivery driver ignited Indonesia”, 1 September 2025, https://www.bbc.com/news/articles/c2dj9w306wzo

[२२] इन्डिया टुडे, “Behind Nepal's Gen Z protests is a nepo-kid trigger”, 9 September 2025, https://www.indiatoday.in/world/story/nepal-gen-z-protests-kathmandu-social-media-trend-nepo-kids-nepo-baby-corruption-reasons-demands-explained-2783822-2025-09-08

[२३] बिबिसि न्युज्, “What we know about Nepal anti-corruption protests as PM resigns”, 9 September 2025, https://www.bbc.co.uk/news/articles/crkj0lzlr3ro

प्रतिबन्धहरूको बाबजुद पनि भर्चुअल प्राइभेट नेटवर्कहरू (VPNs) र इन्क्रिप्टेड यापहरूमार्फत विरोधप्रदर्शनहरूको बारेमा अनलाइन समन्वय जारी रह्यो। प्लेटफर्महरू पूर्ण रूपमा प्रतिबन्धित हुनुअघि नै ह्यास्ट्याग अन्ब्यान सोसियल मिडिया (#UnbanSocialMedia) र ह्यासट्याग नेपोबेबी (#NepoBaby) जस्ता ह्यासट्यागहरूले गति लिए जबकि *डिस्कर्ड* र *रेडिट* जस्ता अनलाइन प्लेटफर्महरूमा भएका छलफलहरूले युवाहरूलाई भाद्र २३ गतेको अफलाइन परिचालनका लागि प्रोत्साहित गरे।[२४]

# ४. विरोध प्रदर्शनको समयरेखाः गैरकानुनी बल प्रयोगको तीव्र वृद्धि

## ४.१ ब्यारिकेड तोडिनु र प्रहरी नियन्त्रण गुम्नु

एम्नेस्टी इन्टरनेसनलले सङ्कलन गरेको प्रमाणले प्रदर्शनकारीहरू बिहान १० बज्नु अघि नै काठमाडौंको माइतीघर चोकमा जम्मा हुन सुरू गरेक दखाउँदछ।[२५] सुरूको संख्या सानो थियो। तर आधा घण्टाभित्रै भीड बढ्दै करिब २,००० - ३,००० जनासम्म पुगेको बताइन्छ।[२६] विभिन्न आयोजकहरूले बिहान ढिलो जुलुस सुरू गर्ने योजना बनाएका थिए। तर ठूलो आकारको भीडका कारण भीड स्थिर रहिरहन कठिन भयो।[२७] बिहान १०:३० देखि ११ बजेसम्ममा जुलुस प्रायः सिधै अगाडि बढ्न मिल्ने मदन भण्डारी मार्ग हुँदै बानेश्वर चोकतर्फ अगाडि बढ्यो।[२८]

ड्रोन फुटेजले प्रदर्शन शान्तिपूर्ण रहेको र सुरूमा प्रहरी प्रदर्शनकारीहरू सँगसँगै नजिकै हिँडिरहेका देखाउँछ।[२९] जुलुस काठमाडौं जिल्ला अदालत र बिजुली बजार हुँदै अघि बढ्यो र आयोजकमध्येका एकजनाका अनुसार प्रहरीको उपस्थिति त्यहाँ अलि बढेको थियो।[३०] एभरेस्ट होटल नजिक पुग्दा भीड झन् ठूलो भएको थियो। एभरेस्ट होटलपछिको क्षेत्र संसद् भवन नजिक पर्ने भएकाले सामान्यतया प्रदर्शनका लागि प्रतिबन्धित क्षेत्रका रूपमा तोकिएको छ जुन अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गतको शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकार विपरित हो।[३१]

[२४] विरोध प्रदर्शन आयोजकहरूसँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

[२५] २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको। https://x.com/setopati/status/1964898995559686470 https://x.com/Rato_pati/status/1964898834548760789, https://x.com/Online_khabar/status/1964901616148259065

[२६] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; "प्रकृति राई"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; "गणेश अधिकारी"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; "प्रज्वल खड्का"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; युट्युब, जेन – जेड आन्दोलन २०८२ – पूर्ण वृत्तचित्र, https://www.youtube.com/watch?v=IFBAzuFKS5M&t=891s

[२७] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।


[२८] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; २०८२ भाद्र २३ गते प्रकाशित फोटो, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको https://x.com/setopati/status/1964922542231265690

[२९] २०८२ भाद्र २३ गते प्रकाशित भिडियो, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको https://x.com/setopati/status/1964933521463517524

[३०] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

[३१] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, सामान्य टिप्पणी नं. ३७, शान्तिपूर्ण भेला, CCPR/C/GC/37, अनुच्छेद ५४; एचआरिस, संयुक्त विज्ञप्ति SR, A/HRC/31/66, अनुच्छेद ३०

## Key Locations




*नक्साले एम्नेस्टी इन्टरनेसनलले पुष्टी गरेको प्रदर्शन मार्ग र प्रमुख घटनास्थलहरू देखाउँछ। © एम्नेस्टी इन्टरनेसनल*

विरोध प्रदर्शनका आयोजकहरूले एम्नेस्टी इन्टरनेसनललाई बताएअनुसार उनीहरूले प्रदर्शनकारीहरूलाई शान्तिपूर्ण विरोधका लागि आह्वान गरेका थिए र सबैलाई बस्न प्रोत्साहित गरिरहेका थिए। तर छेउछाउका गल्लीबाट आएका समूहहरूले ब्यारिकेड तोड्ने प्रयास गरेपछि तनाब बढको थियो।[३२] प्रहरीको संख्या कम रहेको र घटनास्थलमा उपस्थित प्रहरी अधिकारीहरूलाई थप सुरक्षा कर्मी तैनाथीका लागि प्रदर्शनकारीहरूले गरेको अनुरोधलाई बेवास्ता गरिएको पनि आयोजकहरूले बताए।[३३] त्यतिबेला खिचिएको भिडियो र तस्विरहरूले संसद् भवनबाट ५०० मिटरभन्दा कम दूरीमा रहेको सडकमा प्रहरीले ब्यारिकेड बनाएको र प्रदर्शनकारीहरूले अगाडि बढ्ने प्रयास गरेको देखाउँछन्।[३४] एउटा भिडियोमा सडकको अर्को छेउबाट ब्यारिकेडसम्म पुग्न सफल भएका प्रदर्शनकारीहरूले ब्यारिकेडलाई बलपूर्वक हटाएको क्षणलाई देखाउँदछ। आफ्नो संख्या कम भएपछि प्रहरीहरू अधिकारीहरू भीडबाट पछि हटेका देखिन्छन्।[३५]

---

[३२] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

[३३] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

[३४] २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको
https://x.com/ANI/status/1964981002562121891
https://www.gettyimages.com.br/detail/foto-jornal%C3%ADstica/an-aerial-view-shows-demonstrators-gathered-outside-foto-jornal%C3%ADstica/2233761207?adppopup=true
https://www.gettyimages.com.br/detail/foto-jornal%C3%ADstica/nepali-student-protestors-clash-with-police-near-the-foto-jornal%C3%ADstica/2233752120?adppopup=true
https://www.gettyimages.com.br/detail/foto-jornal%C3%ADstica/the-gen-z-group-protests-against-corruption-and-the-foto-jornal%C3%ADstica/2233752312?adppopup=true

[३५] २०८२ भाद्र २५ गते युट्युबमा प्रकाशित भिडियो जसलाई पछि मेटिएको थियो, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको।



*भिडियोमा संसद भवनदेखि ५०० मिटरभन्दा कम दूरीमा रहेको प्रहरी ब्यारिकेडलाई प्रदर्शनकारीहरूले तोडेको क्षण देखिन्छ।*
*© एम्नेस्टी इन्टरनेसनल*

## ४.२ कम घातक हतियार प्रयोग गरी बलको अत्यधिक प्रयोग

जब प्रदर्शनकारीहरू संसद् भवन तर्फ अगाडि बढे प्रहरीले पानीको फोहोराको प्रयोग गर्न सुरू गर्यो। भिडियो र तस्वीरहरूमा उच्च दबाबका पानीका फोहरा सिधै प्रदर्शनकारीमाथि हानिँदा कतिपय उनीहरू भुइँमा लडेका देखिन्छन्।[३६] केही अवस्थामा पानीका फोहोराहरू सडक छेउको रेलिङमा अड्किएका प्रदर्शनकारीमाथि लक्षित गरिएको थियो जुन एउटा खतरनाक अभ्यास हो र यसले कानुन कार्यान्वयनका क्रममा कम घातक हतियारहरूको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार निर्देशिका (कम घातक हतियार प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका) लगायतका अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको उल्लङ्घन हुन पुग्दछ।

बिहानी अबेरसम्ममा प्रदर्शनकारीहरूले संसद् भवनलाई विभिन्न दिशाहरूबाट घेरिसकेका थिए भन्ने कुरा भिडियो र तस्वीरहरूले देखाउँछन्।[३७] प्रहरीले कम घातक हतियार प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिकाको उल्लङ्घन हुने गरी परिसरको विपरीत भवनको माथिल्लो झ्याललगायतका उच्च स्थानहरूबाट प्रदर्शनकारीमाथि अश्रुग्यास प्रहार गर्यो।[३८] केही प्रदर्शनकारीहरूले संसद् भवनको मुख्य ढोकासामु अगाडि पार्क गरिएको पानीको फोहोरा ट्रकमा चढेर एउटा ब्यानर फहराए भने अन्य संसद् भवनको दक्षिण ढोकामा रहेको एक तले सुरक्षा भवनमा चढे।[३९] यी

[३६] २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको।
https://www.youtube.com/watch?v=XC7Cs1BV_k4
https://x.com/setopati/status/1964946176551059591
https://apnews.com/article/nepal-protest-social-media-ban-1ac9efd7d2f28783cc9f2be60edfa1da
https://www.youtube.com/watch?v=0Zhg9nkwUYE

[३७] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते र २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको। https://x.com/Online_khabar/status/1964941645029548426; https://nepalkhabar.com/society/249561-2025-9-8-13-54-57

[३८] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; प्रज्वल खड्कासँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[३९] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते र २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको। https://www.youtube.com/watch?v=d_9u2wGkR7A

घटनाहरूमा प्रहरीले हस्तक्षेप गरेन।[४०] यो समयावधिभरी विद्यार्थी र अन्य प्रदर्शनकारी नेताहरूले लाउडस्पीकरमार्फत शान्तिपूर्ण प्रदर्शनको लागि आह्वान गर्न जारी राखे।[४१]

## ४.३ बन्दुकको प्रयोग

दिउँसो १२ बजेदेखि १:३० बजेबीचमा सभाका सहभागीहरूको एउटा तप्का हिंसात्मक भयो। केही प्रदर्शनकारीहरू ढुंगा प्रहार गर्नतिर लागे।[४२] प्रदर्शनमा उपस्थित प्रत्यक्षदर्शीहरूले गोली चलेको आवाज सुनेको र "कमाण्डो जस्तो देखिने" सुरक्षाकर्मी बन्दुक पड्काउने तयारी अवस्थामा रहेको बताए।[४३] घाइतेहरूको उपचार गर्ने चिकित्सक तथा अन्य अस्पताल कर्मचारी र प्रदर्शनकारीको बयानका साथै नेपाल प्रहरी स्वयंको स्वीकारोक्तीले सङ्केत गरेअनुसार सार्वजनिक सुरक्षाका लागि खटिने प्रहरीले भन्दा फरक यी सुरक्षा कर्मीहरूले रबरको गोली प्रहार गर्नुका साथै घातक गोलीको प्रयोग गरेका थिए।[४४] पुरानो बानेश्वरतर्फबाट आएका सेनाका गाडीहरूले अतिरिक्त सुरक्षा बलको संलग्नतालाई पनि सङ्केत गरेको छ।[४५]

धेरै भिडियोहरूले देखाएअनुसार संसद् भवनभित्र र वरिपरि रहेका प्रहरी अधिकारीहरू एफ एन एफएएल (FN FAL) राइफल र स्टर्लिङ सबमेसिन गन[४६] जस्ता घातक हतियारले सुसज्जित थिए वा उनीहरूले ती हतियार प्रहार गरिरहेका थिए। विरोध प्रदर्शनको नियन्त्रणमा यी दुवै घातक हतियारहरूको प्रयोग वैध मानिँदैन। ड्रोन फुटेजले तत्काल मृत्यु वा गम्भीर चोट पुऱ्याउने कुनै आसन्न जोखिम पैदा नगरेका संसद् भवनको मुख्य प्रवेशद्वारमा चढेका प्रदर्शनकारीमाथि एक प्रहरी अधिकारीले एफएन एफएएल (FN FAL) प्रहार गरेको देखाउँछ।[४७] अर्को भिडियोमा एक प्रदर्शनकारीले संसद्को गेटतर्फ ढुंगा फालेपछि नजिकैबाट उनको टाउकोको सतहमा शटगनले गोली प्रहार गरिएको देखिन्छ।[४८] त्यसपछि उनी टाउकोबाट अत्यधिक रगत बगिरहेको अवस्थामा देखिन्छन्। शटगनमा कस्तो प्रकारको राउन्ड भरिएको थियो भन्ने कुरा एम्नेस्टी इन्टरनेसनलले पुष्टि गर्न नसकेता पनि यदि कम घातक राउन्ड नै राखिएको भएपनि त्यसलाई यसरी टाउकोको सतहमै प्रहार गरिएको कुरा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा बल र बन्दुकको प्रयोगसम्बन्धी मापदण्डहरूको स्पष्ट उल्लङ्घन हो। किनकि यस्ता राउन्डहरूले गम्भीर चोट नभई केवल सतही चोट (blunt trauma) मात्र पुर्याउनुपर्दछ। त्यसैले यस्ता हतियारहरूलाई कम्मरभन्दा तल मात्र लक्षित गर्नु पर्दछ र शरिर छेड्ने जोखिम नपार्नका लागि नजिकबाट प्रयोग गर्नु पनि हुँदैन।[४९]

दिउँसो १२:३० बजे सम्ममा काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीले संसद् भवन वरिपरिको क्षेत्रमा कर्फ्यु आदेशको घोषणा गरे।[५०] त्यसपछिका केही घण्टाहरूमा साँझ ४ बजे सम्म वीरगन्ज, पोखरा, भैरहवा, बुटवल, ईटहरी,

---

[४०] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

[४१] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; "आरती गुरूङ"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते र २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको। https://x.com/ANI/status/1964982703121731945

[४२] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते र २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको। https://x.com/ANI/status/1964972809861603575

[४३] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; "प्रकृति राई"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते; "प्रशान्त लामा"सँगको अन्तर्वाउता, २०८२ असोज ३ गते।

[४४] गौरव पोखरेल, "प्रहरीको आन्तरिक प्रतिवेदन : जेन-जी आन्दोलनमा २६ सय ४२ राउन्ड गोली प्रहार", *कान्तिपुर*, २०८२ असोज १० गते, https://ekantipur.com/news/2025/09/26/internal-report-of-the-police-2642-rounds-fired-in-gen-g-movement-18-42.html

[४५] "बिबेक राईसँ"गको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

[४६] २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको। https://www.tiktok.com/@gen.z_aaron/video/7547673761865141511 https://www.facebook.com/RanjanKaarki/videos/1271897934238574

[४७] २०८२ भाद्र २३ गते प्रकाशित भिडियो, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको। https://x.com/Online_khabar/status/1965055376124268861

[४८] २०८२ भाद्र २३ गते प्रकाशित भिडियो, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको। https://x.com/SGnepal/status/1967633976652337259

[४९] मानवअधिकार परिषद्, भेला, विरोध प्रदर्शनको सङ्कटसम्बन्धी विशेष प्रतिवेदक, A/HRC/50/42, para. 45; OSCE-ODIHR, सभलाई व्यवस्थापन गर्नेसम्बन्धी हातेपुस्तिका, पृष्ठ ८१।

[५०] अलनाइन खबर, X post: "Curfew Order Issued in Kathmandu", (Image of official curfew order in Nepalese,) 8 September 2025 https://x.com/Online_khabar/status/1964943053040525801

र दमक लगायत नेपालका अन्य भागहरूमा पनि कर्फ्यु लागु भयो।[५१] घाइते प्रदर्शनकारीहरू आफै दौडेर वा अरूको सहयोगमा नजिकको निजामती कर्मचारी अस्पतालमा पुगेका थिएँ जहाँको अवस्था प्रत्यक्ष दर्शीहरूको अनुसार प्रहरीले अस्पताल परिसरभित्रै र वरिपरी अश्रुग्यास प्रहार गरेकोले भद्रगोल बनेको थियो। (पृष्ठ २१ हेर्नुहोस्)।

दिनको अन्त्यसम्ममा सुरक्षा बलहरूले १९ जनाको हत्या गर्नुका साथै कम्तीमा ३४७ जनालाई घाइते पारेका थिए।[५२] नेपाल प्रहरीले एम्नेस्टी इन्टरनेसनललाई दिएको लिखित जवाफमा नेपाल प्रहरीका २११ र सशस्त्र प्रहरीका ८४ जना समेत गरी २९५ जना सुरक्षाकर्मीहरू पनि अश्रुग्यास, टाउकोमा चोट लगायतका कारणबाट घाइते भएको जनाएको छ।[५३]

# ५. मुख्य निष्कर्षहरू

अन्तर्राष्ट्रिय र घरेलु दुवै कानुनअन्तर्गत शान्तिपूर्वक भेला हुने तथा विचार र धारणा व्यक्त गर्ने अधिकार सुनिश्चित छन् र यी अधिकारहरूको सम्मान, संरक्षण र सहज अभ्यासलाई सुनिश्चित गर्नु राज्यको कर्तव्य हो। संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार समितिको सामान्य टिप्पणी नं. ३७ ले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध (ICCPR) को धारा २१ अन्तर्गत पक्ष राष्ट्रहरूको दायित्वलाई स्पष्ट पारेको छ। उक्त धाराले शान्तिपूर्वक भेला हुने अधिकारलाई संरक्षण गरेको छ। सामान्य टिप्पणीमा "केही एकल [हिंसात्मक] घटनाहरू मात्रको आधारमा सम्पूर्ण भेलालाई गैर-शान्तिपूर्ण भएको ठहर गर्न सकिँदैन।"[५४] बरू भेलामा भएका सहभागीहरूद्वारा भएको हिंसा "स्पष्ट रूपमा भेलाभित्रै व्यापक भएमा" मात्रै त्यस्तो भेलामा हुने सहभागिता शान्तिपूर्ण भेलाको अधिकारअन्तर्गत सुरक्षित हुँदैन।[५५] भेलाका सन्दर्भमा हुने हिंसा भन्नाले सहभागीहरूले अरूमाथि शारीरिक बलको प्रयोग गरी चोट, मृत्यु वा सम्पत्तिमा गम्भीर क्षति निम्त्याउने सम्भावना राख्ने खालको लाई बुझिने पनि सामान्य टिप्पणीले थप उल्लेख गरेको छ।[५६]

विशेष परिस्थितिमा मात्रै भेलालाई तितरबितर पार्न सकिन्छ।[५७] शान्तिपूर्वक भेला हुने अधिकारले केबल कानुनी भेला मात्र नभई शान्तिपूर्ण रूपमा गरिने भेलालाई संरक्षण गरेकोले शान्तिपूर्ण विरोध प्रदर्शन (जसका सहभागीहरूद्वारा भएको हिंसा स्पष्ट रूपमा व्यापक छैन) लाई पनि संरक्षित राख्नुपर्छ र उक्त प्रदर्शनलाई सहजीकरण गर्नुपर्छ। घरेलु तथा अन्तर्राष्ट्रिय कानुन र मापदण्डअनुसार भेलालाई तितरबितर पार्ने निर्णय लिइएको अवस्थामा बलको प्रयोग गर्नुहुन्न। त्यस परिस्थितिमा यदि त्यस्तो सम्भव नभएमा आवश्यक न्यूनतम बल मात्र प्रयोग गर्न सकिन्छ।

सम्भव भएसम्म प्रयोग गरिने जुनसुकै बल त्यस्ता व्यक्ति वा समूहमाथि मात्र लक्षित हुनुपर्छ जो हिंसात्मक गतिविधिमा संलग्न छन् वा हिंसा गर्ने खतरा उत्पन्न गरिरहेका छन्। नगण्यभन्दा बढी चोट पुर्याउने सम्भावना भएको बल शान्तिपूर्वक प्रतिरोध गरिरहेका व्यक्ति वा समूहहरूविरुद्ध प्रयोग गर्नु हुँदैन। कुनै प्रदर्शनकारीको व्यवहार शान्तिपूर्ण नहुँदा पनि (त्यस व्यक्तिलाई शान्तिपूर्ण भेला हुने अधिकारको संरक्षणबाट बाहिर राख्दा) नागरिक तथा राजीतिक अधिकारसम्बन्धी अनुबन्धअन्तर्गत उसको जीवनको अधिकार, यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक

---

[५१] नेपाली पोष्ट, "Curfew Order Issued In Kathmandu, Pokhara, Itahari, Butwal And Bhairahawa", 8 September 2025, https://thenepalipost.com/details/44088
[५२] UN, "UN ready to assist Nepal following deadly protests", 8 September 2025, https://news.un.org/en/story/2025/09/1165796; https://www.ohchr.org/en/press-releases/2025/09/nepal-call-prompt-transparent-investigation-killings-protesters
[५३] जवाफ एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको।
[५४] सामान्य टिप्पणी नं. (२०२०), अनुच्छेद १९।
[५५] सामान्य टिप्पणी नं. (२०२०), अनुच्छेद १९।
[५६] सामान्य टिप्पणी नं. (२०२०), अनुच्छेद १५।
[५७] सामान्य टिप्पणी नं. (२०२०), अनुच्छेद ८५ र ८६।

व्यवहारबाट मुक्त रहने अधिकार लगायतका अन्य अधिकारहरू कायमै रहन्छन् जसलाई राज्यले निरन्तर संरक्षित गर्नैपर्छ।[५८]

एम्नेस्टी इन्टरनेसनलले भाद्र २३ गते काठमाडौंमा भएको जेन-जेड प्रदर्शनलाई नियन्त्रण गर्ने क्रममा नेपालका कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले प्रायः शान्तिपूर्ण प्रदर्शनकारीहरूविरुद्ध कम घातक हतियारको दुरूपयोग गर्नुका साथै घातक हतियारहरूको समेत प्रयोग गरी अनावश्यक र अत्यधिक बल प्रयोग गरेर अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लङ्घन गरेको पाएको छ।

स्वास्थ्यकर्मी, प्रदर्शनकारी र प्रदर्शन आयोजकहरूले दिएको बयानले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा ६ मा संरक्षित जीवनको अधिकारको स्पष्ट उल्लङ्घन हुने गरी प्रहरीले भीडमा धातुका गोली प्रहार गर्दै र प्रदर्शनकारी तथा सडक पेटीमा रहेका सर्वधारण व्यक्तिहरूको टाउको, घाँटी र छातीमा प्रहार गर्दै घातक बलको अवैध प्रयोग गरेको खुलासा गरेको छ।[५९]

पानीको फोहोरा, अश्रुग्यास र रबरको गोलीजस्ता काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल लगायतका कम घातक हतियारहरूलाई जीवन नै जोखिममा पार्ने खाले चोट र स्थायी अपाङ्गता पैदा गर्ने गरी लापरबाहीपूर्वक र अन्तर्राष्ट्रिय मापदण्ड विपरीत प्रयोग गरिएको थियो र यसबाट बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तमा[६०] उल्लिखित आवश्यकता र समानुपातिकताको सिद्धान्तको उल्लङ्घन भएको छ। प्रहरीले अस्पताल भित्र र वरिपरि अश्रुग्यास प्रहार गरेको थियो। त्यसबाट गम्भी चिकित्सकीय उपचारलाई अवरुद्ध पारेको थियो र घाइतेहरूलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा ७ अन्तर्गत निषेधित यातना वा क्रुर, अमानवीय तथा अपमानजनक व्यवहारको तहमा पुर्‍याएको थियो।[६१]

शान्तिपूर्ण भेलालाई अनावश्यक र अत्यधिक बल प्रयोग गर्दै तितरबितर पारेर अधिकारीहरूले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा १९ र २१ अन्तर्गत सुरक्षित अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकारलाई पनि कमजोर पारे।[६२] गैरकानुनी हत्या, अत्यधिक बल प्रयोग तथा अस्पताल र अस्पताल नजिकका विन्दुहरूमा गरिएका आक्रमणका यी ढाँचाहरूले अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालको दायित्वहरूप्रतिको प्रणालीगत उपेक्षालाई औंल्याउँदछन् र तत्काल जवाफदेहिता र सुधारको आवश्यकता रहेको दर्शाउँदछन्।

---

[५८] सामान्य टिप्पणी नं. (२०२०), अनुच्छेद ९।

[५९] धारा ६ (१, प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार छ। कानुनद्वारा यस अधिकारको संरक्षण गरिनेछ। स्वेच्छाचारी रूपमा कसैको पनि जीवन हरण गरिने छैन।

[६०] सिद्धान्त नं ४ र ५, कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा बल तथा बन्दुकको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू; एम्नेस्टी इन्टरनेसनल, बलको प्रयोग: कानुन कार्यान्वय गर्ने अधिकारीहरूद्वारा बल त्था बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त कार्यान्वयनका लागि निर्देशिका, २०१५, पृष्ठ ४७ र ४९, https://policehumanrightsresources.org/use-of-force-guidelines-for-implementation-of-the-un-basic-principles-on-the-use-of-force-and-firearms-by-law-enforcement-officials

[६१] धारा ७, कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। खासगरी कसैलाई पनि निजको स्वतन्त्र मञ्जुरी बिना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।

[६२] धारा १९, १. प्रत्येक व्यक्तिलाई बिना हस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने अधिकार हुनेछ।
२. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ । सीमाको बन्देज विना, मौखिक, लिखित वा मुद्रित रुपमा वा कलात्मक रुपमा वा निजको आफ्नो छनौटको अन्य कुनै माध्यम मार्फत सबै किसिमका सूचना र विचारहरु प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समेत यस अधिकारमा समावेश हुनेछन्।
३. यस धाराको प्रकरण २ मा व्यवस्था गरिएका अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरू समेत निहित हुन्छन्। तसर्थ यो अधिकार केही निश्चित प्रतिवन्धहरूको अधिनमा हुन सक्नेछ। तर यस्ता प्रतिवन्धहरू कानुनद्वारा व्यवस्था गरिएको र देहायका कुराको लागि आवश्यक भएको हुनुपर्छ:
(क) अरुको अधिकार वा प्रतिष्ठाको सम्मान,
(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण;
धारा २१. शान्तिपूर्वक भेला हुने अधिकारलाई स्वीकार गरिनेछ। यस अधिकारको प्रयोगमा कानुन बमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार तथा स्वतन्त्रताहरुको संरक्षणको हितमा आवश्यक प्रतिवन्धहरू बाहेक अन्य कुनै पनि प्रतिवन्धहरू लगाउन पाइने

# ६. कम घातक हतियारको दुरूपयोग

**कम घातक हतियार के हुन्?**

कानुन कार्यान्वयनका क्रममा कम घातक हतियारको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार निर्देशिकाले कम घातक हतियारलाई "व्यक्ति वा व्यक्तिहरूको समूहमाथि प्रयोग गर्ने उद्देश्य राखी वा त्यस्तो प्रयोग गर्ने गरी डिजाइन गरिएको हतियार जसको अपेक्षित वा विवेकसङ्गत अनुमानित प्रयोगको क्रममा बन्दुकको प्रयोगबाट भन्दा मृत्यु हुने वा गम्भीर चोट पुर्याउने जोखिम कम हुन्छ" भनी परिभाषित गरेको छ।

नयाँ बानेश्वर नजिक प्रदर्शनकारीहरूले ब्यारिकेड तोडेपछि कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले गैरऔचित्यपूर्ण देखिने ब्यारिकेडबाट आफूहरू रोकिएको महसुस गर्दै आक्रोश र तनावमा रहेका प्रदर्शनकारीहरूमाथि नियन्त्रण पुनःस्थापित गर्ने प्रयासमा पानीको फोहोरा, अश्रुग्यास र काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल लगायतका कम घातक हतियारहरू प्रयोग गरे। तर प्रहरीले सावधानीपूर्ण दृष्टिकोण अपनाउनुको साटो कम घातक हतियार प्रयोग गरी प्रतिबन्ध लागू गर्ने निर्णय गर्यो। तलका उपखण्डहरूले पालै पालो प्रत्येक कम घातक हतियारको प्रयोगलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र बलको प्रयोगसम्बन्धी मापदण्डअनुसार मूल्याङ्कन गर्दछन्।

## ६.१ पानीको फोहोरा

एम्नेस्टी इन्टरनेसनलको एभिडेन्स ल्याबको विश्लेषणअनुसार भाद्र २३ गते प्रदर्शनकारीको सानो समूहले ब्यारिकेड तोडेपछि नेपाल प्रहरीले पानीको फोहोरा प्रयोग गरेको थियो। तर त्यसबेला ठूलो भीड भने शान्तिपूर्ण नै थियो। ब्यारिकेड तोडिएपछि एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएका साक्षीहरूले बताएअनुसार र भिडियोहरूले पनि देखाएअनुसार नेपाल प्रहरीले घटनास्थलमा रहेको एउटै मात्र पानीको फोहोरा फ्याँक्ने ट्रकलाई प्रयोग गर्यो।[६३] ट्रकलाई केही मिटर टाढा बानेश्वर चोक नजिकको सर्भिस् लेनमा राखिएको थियो।[६४] बीचको र साइड लेनहरू हुँदै भीड अघि बढ्दा पानीको फोहोरा ट्रक पनि अघि बढ्यो र प्रदर्शनकारीमाथि पानीका जेटहरू प्रहार गर्यो।[६५] प्रदर्शनकारी र पत्रकारहरूले एकरूपतासँग बताएअनुसार प्रहरीको तयारी अपर्याप्त रहेको देखिन्थ्यो र बढ्दो तनावलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सकिरहेको थिएन र उसले छिट्टै नै पानीको फोहोरालगायतको बल प्रयोग गर्न थालेको थियो।[६६] एकजना फोटोपत्रकारले एम्नेस्टी इन्टरनेसनललाई बताए:

---

[६३] "बिबेक राई"सँगको अन्तरवार्ता, २०८२ असोज १ गते; "प्रज्वल खड्का"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते र २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेमा रहेको; https://www.youtube.com/watch?v=XC7Cs1BV_k4; https://x.com/setopati/status/1964946176551059591; एपि, "पोलिस ओपन फाएर अन प्रोटेस्टर्स अफ नेपालज् सोसियल मिडिया पोलिसि, किलिङ्ग एट लिस्ट १७", २०८२ भाद्र २३, https://apnews.com/article/nepal-protest-social-media-ban-1ac9efd7d2f28783cc9f2be60edfa1da; https://www.youtube.com/watch?v=0Zhg9nkwUYE

[६४] "प्रज्वल खड्का"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते

[६५] "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते

[६६] "प्रज्वल खड्का"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; "प्रशान्त लामा"सँगको अन्तर्वार्ता, २०८२ असोज ४ गते

> **“प्रहरीले जानाजानि मानिसहरूलाई अगाढि जान दियो वा उसले उनीहरूलाई अघि बढ्नबाट रोक्न सकेन भन्ने कुरा प्रश्नको घेरामा छ...यस अघिका विरोध प्रदर्शनहरूमा प्रहरीको अलि बढी तयारी हुने गर्थ्यो। तर त्यो दिन उनीहरू तयारीविहीन देखिएका थिए।”**[६७]

नेपालको स्थानीय प्रशासन ऐनले पानीको फोहोराको प्रयोग गर्नुअघि व्यापक हिंसाको अवस्था वा “कुनै सभा जलुसु वा भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति अपनाई त्यसको कुनै काम कारबाहीबाट शान्ति भङ्ग हुन जाने सम्भावना” स्पष्ट हुनुपर्ने र यस्तो हिंसा “प्रहरीको नियन्त्रणभन्दा बाहिर गएको” स्थिति हुनुपर्ने अवस्थालाई माग गर्दछ।[६८] ऐनले शान्ति र कानुन व्यवस्था कायम राख्न “परिस्थिति अनुसार आवश्यक भएमा” पानीको फोहोराको प्रयोग गर्न अनुमति दिन्छ र यसलाई “सभा, जुलुस वा भीड” माथि प्रयोग गर्न सकिने व्यवस्था छ।[६९] तर यसको प्रयोग गर्नु अघि कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले मानिसहरू निस्कने बाटो वा भीड सुरक्षित रूपमा तितरबितर हुने उपायहरूको सुनिश्चित गर्नुपर्ने अनिवार्यता नरहेको हुँदा विरोध प्रदर्शनका क्रममा यसको दुरूपयोग हुने र अत्यधिक बल प्रयोगको अवस्था सिर्जना हुने हुन्छ जुन कानुन कार्यान्वयन गर्ने अधिकारीद्वारा बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्त र कानुन कार्यान्वयनमा कम घातक हतियारसम्बन्धी संयुक्त राष्ट्रसङ्घिय मानवअधिकार निर्देशिका लगायतका अन्तर्राष्ट्रिय मापदण्डहरूको उल्लङ्घन हुन्छ।[७०] निर्देशिकाले उच्च दबाबमा प्रयोग गरिने पानीको फोहोरालाई व्यापक हिंसा भड्किएको अवस्थामा र हिंसात्मक व्यक्तिहरूलाई लक्षित गरेर नियन्त्रण सम्भव नभएको अवस्थामा मात्र व्यक्तिलाई नै लक्षित गरेर प्रहार गर्न सकिने स्पष्ट पारेको छ।[७१] यसलाई भीड तितरबितर गर्ने वैध उद्देश्य प्राप्तिका लागि मात्र, मानिसहरू सुरक्षित रूपमा तितरबितर हुन सक्ने अवस्था भएको बेला मात्र र पालनाका लागि पर्याप्त समयसहितको स्पष्ट चेतावनी दिइएपछि मात्र प्रयोग गर्न सकिन्छ।[७२] अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूअनुसार पानीको फोहोराले अत्यधिक प्रभाव नपारोस् भन्ने लक्ष्यका साथ फोहोर पुग्ने दूरी र त्यसले पार्ने दबाब वा शक्तिसमेतलाई ख्याल गरेर मात्र यसको प्रयोगलाई अत्यन्त सावधानीपूर्वक नियन्त्रित ढङ्गमा गर्नुपर्दछ र यसलाई कहिल्यै पनि व्यक्तिको टाउको लक्षित गरेर प्रयोग गर्नु हुँदैन।[७३]

अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र नेपालको घरेलु कानुनले तोकेका यी आवश्यकताहरू विपरीत एम्नेस्टी इन्टरनेसनलको क्राइसिस एभिडेन्स ल्याबले जाँच गरेको पाँचवटा भिडियो र एउटा तस्वीरले छोटो दूरीबाट उच्च दबाबको पानीको फोहोरालाई व्यक्तिहरूमाथि प्रहार गरिएको पुष्टी गरेको छ।[७४] केही स्थानमा फोहोराहरू सडकको

---

[६७] “प्रज्वल खड्का”सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते

[६८] दफा ६ (१) क, स्थानीय प्रशासन ऐन, २०२८।

[६९] दफा ६ (१) क, स्थानीय प्रशासन ऐन, २०२८।

[७०] संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुकत्को कार्यालय (उच्चायुक्तको कार्यालय), कानुन कार्यान्वयनमा कम घातको हतियारको प्रयोगसम्बन्धी निर्देशिका, अनुच्छेद ७.७, https://www.ohchr.org/sites/default/files/Documents/HRBodies/CCPR/LLW_Guidance.pdf; एम्नेस्टी इन्टरनेसनल, *बलको प्रयोग: कानुन कार्यान्वय गर्ने अधिकारीहरूद्वारा बल त्था बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त कार्यान्वयनका लागि निर्देशिका,* अगस्ट २०१५, https://policehumanrightsresources.org/use-of-force-guidelines-for-implementation-of-the-un-basic-principles-on-the-use-of-force-and-firearms-by-law-enforcement-officials

[७१] उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयनमा कम घातको हतियारको प्रयोगसम्बन्धी निर्देशिका, (यसअघि साइट गरिएको), अनुच्छेद ७.७.२; एम्नेस्टी इन्टरनेसनल, “पानीको फोहोरा: के हो र यसलाई कानुनी तवरमा कसरी प्रयोग गर्न सकिन्छ,” https://www.amnesty.nl/content/uploads/2024/03/Water-cannon-1.pdf

[७२] उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयनमा कम घातको हतियारको प्रयोगसम्बन्धी निर्देशिका, (यसअघि साइट गरिएको), अनुच्छेद ७.७.३ र ७,७,४;

[७३] युएनओडिसि/उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयनका क्रममा बल बर बन्दुकको प्रयोगसम्बन्धी श्रोत पुस्तिका, पृष्ठ ९०.; एम्नेस्टी इन्टरनेसनल, “पानीको फोहोरा: : के हो र यसलाई कानुनी तवरमा कसरी प्रयोग गर्न सकिन्छ” (यसअघि साइट गरिएको).

[७४] २०८२ भाद्र २३ गते प्रकाशित मिडिया सामग्री, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको https://www.youtube.com/watch?v=XC7Cs1BV_k4; https://x.com/setopati/status/1964946176551059591; एपि, “पोलिस औपन फाएर अन प्रोट्स्ट्स अफ नेपालज् सोसियल मिडिया पोलिसि, किलिङ्ग एट लिस्ट १७”, (यसअघि साइट गरिएको); https://x.com/setopati/status/1964941063610683893; https://www.youtube.com/watch?v=0Zhg9nkwUYE

छेउको रेलिङमा अड्किएका व्यक्तिहरूमाथि पनि प्रहार गरिएको छ। यस्तो अभ्यासले गम्भीर चोट लाग्ने उच्च जोखिम हुन्छ र यो कानुन कार्यान्वयनमा कम घातक हतियारको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निर्देशिकामा तोकिएका मापदण्डहरू विपरित हुन्छ।



*तस्वीरमा शान्तिपूर्वक हिँडिरहेका प्रदर्शनकारीमाथि पानीको फोहोरा प्रयोग भइरहेको देखिन्छ। फोटोः सुबाश श्रेष्ठ/नुरफोटो/गेटी इमेजेज्*

बालबालिका समावेश भएका भेला तथा प्रदर्शनहरूको व्यवस्थापन गर्ने सम्बन्धमा युनिसेफको निर्देशिकाले बालबालिकाहरू शारीरिक चोटपटक र मनोवैज्ञानिक आघातको धेरै जोखिममा हुने भएकाले यस्ता हतियारहरू उनीहरूमाथि प्रयोग गर्न नहुने कुरामा जोड दिएको छ।[७५] भाद्र २३ गतेको प्रदर्शनमा सहभागी धेरैजसो १८ देखि ३० वर्ष बीचका भएकाले एम्नेस्टी इन्टरनेसनलले गरेको अन्तर्वार्ताहरूले त्यस दिनको भीडमा विद्यालयको पोसाकमै उपस्थित भएका समेत बालबालिकाहरूको उपस्थितिलाई पुष्टि गरेको छ।[७६] बालबालिकाको उपस्थिति हुँदा हुँदै पनि प्रहरीले लापरवाहीपूर्वक पानीको फोहोरा प्रयोग गर्नबाट पछि हटेन।

अन्तर्राष्ट्रिय मापदण्ड विपरीत गरिएको यसको प्रयोगले बालबालिका लगायतका प्रदर्शनकारीहरूलाई गम्भीर चोटको अनावश्यक जोखिममा पार्यो जुन कुराले कम घातक हतियारको प्रयोगसम्बन्धी मानवअधिकार मापदण्डको उल्लङ्घन भएको छ।

[७५] युनिसेफ, *Free and Safe to Protest: Policing Assemblies Involving Children,* August 2023, https://www.unicef.org/reports/free-and-safe-protest, p. 32.

[७६] "आरती गुरूङ"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते; "प्रकृति राई"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते; "बिबेक राई"सँगको, २०८२ असोज १ गते; "अनिस श्रेष्ठ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते; "निरज गुरूङ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते; "रोजिना तामाङ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते; सिएनएन, "A social media ban, corruption and 'Nepo Kids:' What we know about the deadly protests that ousted Nepal's leader", 10 September, https://edition.cnn.com/2025/09/09/asia/nepal-protests-social-media-ban-explainer-intl-hnk; एनडिटिभि वर्ल्ड, "'School Students Shot, Women Raped': Nepal Influencers' Claim On Protest", 9 September 2025, https://www.ndtv.com/world-news/nepal-gen-z-protest-news-school-students-shot-women-raped-nepal-influencers-claim-on-protest-9243507

## ६.२ अश्रुग्यास

अश्रुग्यास जस्ता टाढाबाट छरिने रासायनिक बिकारहरूको प्रयोगको उद्देश्य हिंसात्मक समूहहरूलाई तितरबितर पार्ने र उनीहरूलाई हिंसा गर्नबाट रोक्न बाध्य पार्ने हुनुपर्छ र हिंसात्मक व्यक्तिहरूलाई लक्षित गरेर नियन्त्रण गर्न नसकिने व्यापक हिंसाको अवस्थामा मात्रै यसको प्रयोग गरिनुपर्छ।[७७] यस्तो परिस्थितिमा यस्ता वस्तुलाई उच्च कोणबाट[७८] र मानिसहरू सजिलै तितरबितर हुन सक्ने अवस्थामा मात्रै प्रहार गरिनुपर्छ।

भाद्र २३ गते समग्र प्रदर्शन शान्तिपूर्ण रहेको भएपनि प्रदर्शनकारीहरूको सानो समूहले ब्यारिकेड तोडेपछि नेपाल प्रहरीले अश्रुग्यास प्रयोग गर्न थाल्यो।[७९] प्रहरीको एउटा प्रतिवेदनअनुसार अश्रुग्यासका ६,२७९ सेल प्रयोग भएका थिए जसमध्ये काठमाडौं उपत्यकामा मात्रै ३,०९६ सेल प्रयोग गरिएको थियो।[८०] एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएका अधिकांश प्रदर्शनकारीहरूले अश्रुग्यास ग्रेनेड नजिकैका भवनहरूको छानाबाट प्रहार गरिएको वा भीडलाई सिधै लक्षित गरिएको बताए।[८१] यो अत्यन्तै खतरनाक अभ्यास हो जसमा विस्फोट हुनुअघि सेलले प्रदर्शनकारीहरूलाई लाग्ने जोखिम हुन्छ।

जमिनबाटै अश्रुग्यास प्रहार गरिएको अवस्थामा पनि त्यसको प्रयोग अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्डहरूसँग असंगत रहेको प्रत्यक्षदर्शीहरूले बताए। विरोध प्रदर्शनमा उपस्थित फोटो पत्रकार प्रज्वल खड्काले एम्नेस्टी इन्टरनेसनलसँग कुरा गर्दै भनेः

> **"मैले देखे र तस्बिर खिचेअनुसार धेरैजसो अश्रुग्यास हावामा प्रहार गरिएको थियो र [खोकाहरू] प्रदर्शनकारीहरूमाथि खसिरहेका थिए। तर केही अश्रुग्यास सिधै प्रदर्शनकारीहरूमाथि पनि प्रहार गरिएको थियो।"[८२]**

एम्नेस्टी इन्टरनेसनलको एभिडेन्स ल्याबले संसद्को बारमा प्रदर्शनकारीहरू चढिरहेका आठवटा तस्बिर र संसद्को बगैंचाबाट ३७/३८ मिलिमिटरको कम घातक लन्चरहरूबाट प्रहरीले प्रहार गरेको देखाउने तीन तस्बिरहरूको जाँच गरी प्रमाणित गरेको छ। यद्यपि यी तस्बिरहरूले यी हतियारहरूको गैरकानूनी प्रयोग भएको भने देखाउँदैनन्।[८३] भिडियोहरूमा प्रदर्शनकारीहरूले प्रहरीमाथि ढुङ्गा, लाठी र अश्रुग्यासका खोकाहरू प्रहार गरिरहेका र प्रहरी अधिकारीहरू संसद्को ढोकातिर पछि हटिरहेका देखिन्छन्।[८४] केही प्रदर्शनकारीहरूले भिडन्तलाई रोक्ने प्रयास गरिरहेको र त्यसो

---

[७७] मानवअधिकार समिति, भेला हुन पाउने स्वतन्त्रताको अधिकारसम्बन्धी विशेष प्रतिवेदक, सङ्कटपूर्ण विरोध प्रदर्शन,A/HRC/५०/४२, अनुच्छेद ४२; OSCE-ODIHR, भेलाको नियमन सम्बन्धी मानवअधिकार हातेपुस्तिका, पृष्ठ ७९; एम्नेस्टी इन्टरनेसनल, *बल प्रयोगः कानुन कार्यान्वियन गर्ने अधिकारीहरूद्वारा बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरूको कार्यान्वयनसम्बन्धी निर्देशिका*, अगष्ट २०१५, https://policehumanrightsresources.org/content/uploads/2015/01/ainl_guidelines_use_of_force_0.pdf?x96812, ७छ) र भाग ७.२.३, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयनमा बल र बन्दुकको प्रयोगसम्बन्धी स्रोत पुस्तिका, २०१७, https://www.ohchr.org/en/publications/policy-and-methodological-publications/resource-book-use-force-and-firearms-law, पृष्ठ ८८।

[७८] युरोपेली मानवअधिकार अदालत, *अब्दुल्लाह यासा र अन्य विरुद्ध टर्की*, फैसला, १६ जुलाई २०१३, अनुच्छेद ४२-४९।

[७९] "बिबेक राई"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते, "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते, "गणेश अधिकारी"सँग अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[८०] काठमाडौं पोष्ट, "2,642 rounds of live ammunition fired over two days of Gen Z protests: Police", २६ सेप्टेम्बर २०२५, https://kathmandupost.com/national/2025/09/26/police-records-reveal-excessive-force-in-gen-z-crackdown ।

[८१] "बिबेक राई"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते, "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते, "प्रज्वल खड्का"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[८२] "प्रज्वल खड्का"सँग अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[८३] २०८२ भाद्र २३ मा प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा, https://nepalkhabar.com/society/249561-2025-9-8-13-54-57 ।

[८४] २०८२ भाद्र २३ गते प्रकाशित भिडियो, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा, https://x.com/ANI/status/1964972809861603575 ।

गर्दा आफूलाई भीड र प्रहरीको बीचमा उभ्याएको देखिन्छ।[८५] तस्बिरहरूले अधिकारीहरू परिस्थितिको सामना गर्न पर्याप्त रूपमा सुसज्जित वा तयार थिएनन् भन्ने कुराको सङ्केत गर्दछः एम्नेस्टी इन्टरनेसनलले प्रमाणित गरेको र संसदबाट केही सय मिटर टाढा खिचिएको एउटा भिडियोमा प्रदर्शनकारीहरूले प्रहरीको अवरोध भत्काएका र तुलनात्मक रूपमा कम सङ्ख्यामा रहेका कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले बिग्रँदै गरेको स्थितिलाई निष्क्रियताका साथ हेरिरहेका देखिन्छ।[८६] एम्नेस्टी इन्टरनेसनललाई दिएको आफ्नो जवाफमा नेपाल प्रहरीले त्यो दिन राखिएको ब्यारिकेड स्थानीय कानुनअनुसार रहेको जनाएको छ। उसले संसद् भवन आसपासको क्षेत्रलाई काठमाडौं जिल्ला प्रशासन कार्यालयको आदेशअनुसार मिति २०८२ श्रावण २७ गतेदेखि लागू हुनेगरी दुई महिनाका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) (क) बमोजिम निषेधित क्षेत्र घोषणा गरिएको जनाएको छ।[८७] उक्त निषेधाज्ञाले "भोक हड्ताल, धर्ना, चक्का जाम, घेराउ, र्‍याली, प्रदर्शन वा अन्य विरोध कार्यक्रम" गर्नमा रोक लगाएको पनि प्रहरीले उल्लेख गरेको छ।"[८८] आफ्नो जवाफमा नेपाल प्रहरीले "केही व्यक्तिहरूले स्कूल र कलेजका विद्यार्थीहरूलाई अगाडिको पङ्क्तिमा राखेको र पछाडिबाट प्रहरीमाथि पानीका बोतलहरू फ्याँक्न थालेको, भीडलाई उक्साएको र ब्यारिकेड तोडेर प्रतिबन्धित क्षेत्रतिर जान उक्साएको" आरोप लगाएको छ। "प्रदर्शनकारीहरूले सुरक्षाकर्मीलाई जबरजस्ती धकेलिरहेका" र केही व्यक्तिहरूले "ढुङ्गा र इँटा फ्याँकिरहेको" पनि प्रहरीले उल्लेख गरेको छ । केही व्यक्तिहरूले हिंसाको सहारा लिएका हुन सक्ने भएपनि ध्यान दिनु पर्ने महत्त्वपूर्ण कुरा के छ भने ब्यारिकेड भत्काउने कार्यलाई मात्रै नेपाल प्रहरीले गैरकानूनी नै ठाने पनि हिंसा भएको रूपमा मानिँदैन। विरोध प्रदर्शन शान्तिपूर्ण रहेको समयमा प्रहरीको ब्यारिकेडले अनावश्यक सार्वजनिक आक्रोश पैदा गरेकाले ती ब्यारिकेडहरूको प्रयोगले तनावलाई बढाउनमा योगदान पुर्‍यायो। भेलाको आकार र परिमाणलाई हेर्दा सीमित संख्यामा रहेका अधिकारीहरूले त्यति ठूलो भीडलाई अगाडि बढ्नबाट प्रभावकारी रूपमा रोक्न सक्छन् भन्ने अपेक्षा गर्नु अवास्तविक थियो। यसका अलावा विशेषगरी हिंसात्मक कार्य नगरिरहेको बेला ब्यारिकेड भत्काउनबाट रोक्नका लागि प्रदर्शनकारीहरूमाथि बल प्रयोग गर्ने कार्यमा भर पर्नाले अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूअन्तर्गत आवश्यकता र समानुपातिकताको सिद्धान्तहरूसम्बन्धी गम्भीर चासोहरू खडा गर्दछ।

शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकार अनुरूप हुनेगरी प्रहरीले प्रदर्शनकारीहरूलाई संसद् भवनतर्फ अगाडि बढ्न दिएर जुलुसलाई सहजीकरण गर्नुपर्थ्यो र संगसंगै शान्तिपूर्ण रूपमा विरोध गर्ने अधिकारको अभ्यासमा बाधा नपुर्‍याई गैरकानुनी प्रवेशलाई रोक्नका लागि संसद भवन परिसर वरिपरी उपयुक्त र राम्रो योजनासहितको प्रहरी घेराबन्दी स्थापना गर्नुपर्थ्यो। एम्नेस्टी इन्टरनेसनलले घाइते र चोटपटक प्रदर्शनकारीहरूको तत्काल हेरचाहको पहिलो बिन्दु रहेको संसद् भवनबाट करिब १०० मिटर टाढा अवस्थित निजामती कर्मचारी अस्पतालका डाक्टर र स्वास्थ्यकर्मीहरूसँग पनि कुरा गरेको थियो। प्रहरीले अस्पताल परिसर र वरपर पनि अश्रुग्यास प्रयोग गरेको कुरा दुई जना डाक्टरले बताए।[८९] भाद्र २३ गते घाइते र चोटपटक लागेका प्रदर्शनकारीहरूको हेरचाह गरेका एक डाक्टरले एम्नेस्टी इन्टरनेसनलसँग कुरा गर्दै भनेः

**"पहिलो पटक आएका घटनाहरू सामान्य चोटपटकका थिए। ठीक मध्यान्नपछि र त्यसपछिको लगभग पहिलो घण्टासम्म जतातर्तै अश्रुग्यास थियो - पुरै अस्पताल परिसर अश्रुग्यासले भरिएको थियो। प्रायजसो प्रहरीहरू संसद्को छेउमा तैनाथ थिए। मैले लगभग ७-८ जना प्रहरी अधिकारीहरूलाई देखेँ - एक जनाले बन्दुक र अर्कोले ठूलो नोजल भएको अश्रुग्यास लन्चर चलाउँदै थिए। धेरै खोकाहरू छिमेकी भवनहरूबाट उफ्रिँदै हाम्रो परिसरमा खसे। त्यहाँ बस्नै असम्भव भयो। ग्यासले आँखा पोलेकोले सबैजना दौडिरहेका थिए। प्रहरीले अस्पतालको आकस्मिक**

[८५] २०८२ भाद्र २३ गते प्रकाशित भिडियो, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा, https://x.com/ANI/status/1964982703121731945।

[८६] सामाजिक सञ्जालमा २०८२ भाद्र २५ गते प्रकाशित र पछि हटाइएको भिडियो, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा।

[८७] जवाफ एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको।

[८८] जवाफ एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको।

[८९] "डा. रमेश कार्की"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते, "बिष्णु श्रेष्ठ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

**कक्षमा प्रवेश गर्न खोज्यो र आकस्मिक कक्षमै सिधा अश्रुग्यास प्रहार गर्ने प्रयास गर्यो। हामीले उनीहरूलाई रोक्न खोज्यौं र जालीका ढोकाहरू बन्द गर्यौं।"** [९०]

आफ्नो जवाफमा नेपाल प्रहरीले सुरक्षाकर्मीले अस्पताल परिसरमा सिधै अश्रुग्यास प्रहार नगरेको उल्लेख गरेको छ।[९१] तथापि, मिडियाले प्रकाशित गरेका अस्पताल परिसरमा प्रहरी अधिकारीहरू देखिएका पाँचवटा तस्बिर, अस्पताल परिसरभित्र भर्खरै फालिएको जस्तो देखिने बाक्लो धुवाँ निकालिरहेको अश्रुग्यासको एउटा खोका र अश्रुग्यासका कारणले भएको हुनसक्ने सम्भावित लक्षणहरू सहित देखिने चिकित्साकर्मीहरूको दुईवटा तस्बिरलाई एम्नेस्टी इन्टरनेसनलको क्राइसिस एभिडेन्स ल्याबले जाँच गरी प्रमाणित गर्यो।[९२] निजामती कर्मचारी अस्पतालमा घाइतेहरूको उपचार गरिरहेकी नेपाली शल्यचिकित्सक तथा तात्कालीन संसदकी सदस्य डा. तोशिमा कार्कीले आफ्नो फेसबुक पेजमा प्रसारण गरेको भिडियोमा उनले अस्पताल परिसर भित्र गोली चलाएको र अश्रुग्यास प्रहार गरेकोमा प्रहरीको आलोचना गरेकी थिइन्।[९३]

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुसार धेरै क्षेत्रफलमा प्रभाव हुने र हानिको उच्च सम्भावना भएका अश्रुग्याँस जस्ता उपकरणहरू भीडलाई तितरबितर पार्नका लागि व्यापक हिंसाको अवस्थामा मात्रै र अन्य कम घातक माध्यमहरूबाट हिंसा नियन्त्रण गर्न नसकिएपछि मात्र प्रयोग गर्न मिल्छ। मानिसहरूलाई तितरबितर हुने अवसर भएको अवस्थामा, उनीहरू बन्द क्षेत्रमा नरहेको वा सडक वा भाग्ने अन्य मार्गहरू अवरुद्ध नरहेको अवस्थामा मात्रै त्यस्ता हतियारलाई प्रयोग गर्न सकिन्छ।[९४] अन्धाधुन्ध रासायनिक बिकारहरू प्रयोग गर्ने निर्णय गर्नु अघि सान्दर्भिक विषयहरू जस्तै तैनाथी स्थलको भौगोलिक प्रकृति, तापक्रम, हावा र मौसमी अवस्था तथा वरपर रहेका अस्पताल, विद्यालय वा घना र सभामा असंलग्न मानव बस्तीको अवस्थिति आदिलाई लाई सधैं विचार गर्नुपर्छ।[९५]

मानिसलाई यी साधनहरू प्रयोग गरिँदैछ भनेर श्रव्य चेतावनी दिनुपर्छ र उनीहरूलाई तितरबितर हुन पर्याप्त समय दिनुपर्छ।[९६] उनीहरू तितरबितर हुन थालेपछि अश्रुग्यासको प्रयोगलाई बन्द गर्नुपर्छ।

पानीको फोहोराको प्रयोगलाई नियमन गर्ने स्थानीय प्रशासन ऐनको त्यही प्रावधानले अश्रुग्यासको प्रयोगलाई पनि नियमन गर्दछ।[९७] त्यसैअनुसार, बाहिर निस्कने मार्गहरू वा तितरवितर हुनको निम्ति सुरक्षित मार्गहरू सुनिश्चित गर्ने जस्ता सुरक्षाका उपायहरूको अभाव जस्ता पानीको फोहोराको सम्बन्धमा पहिचान गरिएका कानुनी खाडल तथा असंगतिहरू अश्रुग्यासको प्रयोगमा पनि समान रूपमा लागू हुन्छ जसले गर्दा यी दुवैलाई नियमन गर्ने व्यवस्था अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्डहरूसँग असंगत छन्।[९८]

---

[९०] "डा. रमेश कार्की"सँग अन्तर्वार्ता, २०८२ असोज १ गते।

[९१] जवाफ एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको।

[९२] २०८२ भाद्र २३ गते मिडियाद्वारा प्रकाशित, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा, https://www.setopati.com/politics/368713; अनलाइनखबर, सिभिल अस्पताल हाताभित्रै प्रहरी धरपकड, स्वास्थ्यकर्मी भन्छन्– गोली र अश्रुग्याँस चल्यो, https://www.onlinekhabar.com/2025/09/1759611/police-arrests-inside-civil-hospital-health-workers-say-bullets-and-tear-gas-were-used, २०८२ भाद्र २३ (नेपालीमा मात्र उपलब्ध)।

[९३] २०८२ भाद्र २३ गते सामाजिक सञ्जालमा प्रकाशित भिडियो, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा, https://www.facebook.com/Ootsheekafyu/videos/818241017404087 ।

[९४] मानवअधिकार उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयनमा बल र बन्दुकको प्रयोग सम्बन्धी स्रोत पुस्तिका (यसअघि पनि साइट गरिएको) अनुच्छेद ७.३.३ र ७.३.७।

[९५] एम्नेस्टी इन्टरनेसनल, Chemical Irritants in Law Enforcement, पृष्ठ ११, https://www.amnesty.nl/content/uploads/2021/07/Amnesty-position-paper-chemical-irritants.pdf ।

[९६] एम्नेस्टी इन्टरनेसनल, बल प्रयोगः कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरूको कार्यान्वयनसम्बन्धी मार्गदर्शन ७: सभाहरूको नियमनको समग्र दृष्टिकोण सभाको सहजीकरणको अवधारणाबाट निर्देशित हुनुपर्छ र सुरुदेखि नै हिंसा र बल प्रयोगको पूर्वानुमान गर्नु हुँदैन।

[९७] स्थानीय प्रशासन ऐन, २०२८, दफा ६(१)क।

[९८] पृष्ठ १७ हेर्नुहोस्।

नेपालका सुरक्षा बलहरूले अस्पताल परिसर भित्र र वरपर गरेको अश्रुग्यासको प्रयोग, अस्पतालभित्र शरण लिन खोजिरहेका प्रदर्शनकारीहरूलाई खेद्रे र स्वास्थ्य कर्मचारीहरूलाई बिरामीहरूको उपचार गर्नमा अवरोध गर्ने प्रयासले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको स्पष्ट उल्लङ्घन भएको छ। यस्ता कार्यहरू कुनै पनि वैध उद्देश्यका लागि गरिएको भन्दा पनि दण्डात्मक प्रकृतिका देखिन्छन्।

## ६.३ काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइलहरू

काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइलहरूमा प्लास्टिक र रबरका गोलीका साथै *बीन ब्यागहरू*, *फोम राउन्डहरू* र ठूला वा साना रबरको गोलाहरू जस्ता शरीरमा गतिज प्रभाव पार्ने हतियारका अन्य रूपहरू समावेश हुन्छन् र तिनीहरूलाई सामान्यतया प्रक्षेपण गर्ने हतियारबाट प्रहार गरिन्छ।[९९] तिनीहरूको प्रयोगलाई व्यक्तिहरूलाई हानि पुर्याउने जोखिम रहेको हिंसात्मक अशान्तिको परिस्थितिहरूमा मात्र कडाइका साथ सीमित गरिनुपर्छ।

सर्वसाधारण बटुवाहरूलाई लाग्ने उच्च जोखिम रहेको गतिशील र सघन बस्ती भएको स्थल वा वातारवरणमा हिंसात्मक व्यक्तिहरूलाई लक्षित गरी केआईपीको प्रयोग गर्दा अत्यधिक सावधानी अपनाउनु पर्छ।[१००] पूर्ण रूपमा असम्भव भएको अवस्थामा बाहेक फायर गर्नु अघि चेतावनीको परिपालनाका लागि पर्याप्त समय समेत प्रदान गरेर स्पष्ट चेतावनी जारी गर्नुपर्छ।[१०१] नेपालको स्थानीय प्रशासन ऐनमा रबर बुलेट जस्ता केआईपीहरूको प्रयोगलाई नियमन गर्ने कुनै विशेष प्रावधानहरू छैनन्। न त यसले तिनीहरूको प्रयोगलाई नियन्त्रण गर्ने कुनै प्रक्रियागत सुरक्षा उपायहरू नै स्थापित गरेको छ।[१०२] ऐनले केआईपी र धातुजन्य गोलीगठ्ठा बीच फरक छुट्याएर हेरेको छैन र दुवैलाई एउटै श्रेणीको बलअन्तर्गत व्यवहार गरेको छ जसले गर्दा भीड नियन्त्रणका परिस्थितिहरूमा अत्यधिक र लापरवाहीपूर्ण प्रयोगको गम्भीर जोखिम सिर्जना भएको छ।[१०३] कानुन कार्यान्वयनमा कम घातक हतियारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार निर्देशिकाले कानुन कार्यान्वयन वा अन्य प्रदर्शनकारीहरू विरुद्ध हिंसा सन्निकट हुँदा मात्र केआईपी प्रयोग गरिनुपर्छ र यसलाई टाउको, माथिल्लो शरीर वा कम्मरमा लक्षित गर्नु हुँदैन भन्ने स्पष्ट पारेको छ।[१०४] एम्नेस्टी इन्टरनेसनलले समीक्षा गरेको प्रत्यक्षदर्शीहरूको विवरणले भाद्र २३ गते यी सुरक्षा उपायहरूलाई पालना नगरिएको सङ्केत गर्छ।

अश्रुग्यास र पानीको फोहोराको प्रयोग भएपछि प्रदर्शनकारीहरू संसद्को प्रवेशद्वारमा रहेको भवनमा चढ्दा नेपाल प्रहरीले लापरवाहीपूर्वक[१०५] र बिना कुनै चेतावनी[१०६] भीडमा रबरको गोली प्रहार गर्न थालेको एम्नेस्टी इन्टरनेसनलले सङ्कलन गरेको प्रमाणले देखाएको छ। आफ्नो जवाफमा नेपाल प्रहरीले "संसद् भवनको समग्र सुरक्षामाथि प्रदर्शनले पारेको जोखिम"लाई नंयूनीकरण गर्नका लागि रबरका गोली चलाउनु आवश्यक रहेको जनाएको छ।[१०७] एम्नेस्टी इन्टरनेसनलले सङ्कलन गरेको प्रमाण भने सप्ष्टसँग यो तर्क विपरित रहेको छ। आठवटा रबरको गोली लागेर पाँच दिन अस्पतालमा बसेका एक प्रदर्शनकारीले एम्नेस्टी इन्टरनेसनललाई भनेअनुसार उनीहरूले

---

[९९] एम्नेस्टी इन्टरनेसनल, *काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल्ज् इन ल इन्फोर्स्मेन्ट*, https://www.amnesty.nl/content/uploads/2023/03/Amnesty-position-paper-kinetic-impact-projectiles.pdf?x66444; उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयनमा कम घातक हतियारको प्रयोसम्बन्धी निर्देशिका (यसअघि साइट गरिएको), अनुच्छेद ७.५; एम्नेस्टी इन्टरनेसनल, *"मेर आखाँ छिन्नभिन्न भयो": गतिज प्रभाव पर्ने क्षेप्य वस्तु (कईनेटिक इम्प्याक्ट प्रोजेक्टाइल)हरूको विश्वव्यापी दुरुपयोग*, १४ मार्च २०२३, https://www.amnesty.org/en/documents/act30/6384/2023/en

[१००] एम्नेस्टी इन्टरनेसनल, "मेर आखाँ छिन्नभिन्न भयो": गतिज प्रभाव पर्ने क्षेप्य वस्तु (कईनेटिक इम्प्याक्ट प्रोजेक्टाइल)हरूको विश्वव्यापी दुरुपयोग (यसअघि पनि साइट गरिएको), पृष्ठ ३९।

[१०१] एम्नेस्टी इन्टरनेसनल, "मेर आखाँ छिन्नभिन्न भयो" (यसअघि पनि साइट गरिएको), पृष्ठ ३९।

[१०२] स्थानीय प्रशासन ऐन, २०२८, https://daodadeldhura.moha.gov.np/en/post/local-administration-act-2028-1।

[१०३] स्थानीय प्रशासन ऐन, २०२८ (यसअघि साइट गरिएको)।

[१०४] उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयनमा कम घातक हतियारको प्रयोग (यसअघि पनि साइट गरिएको), अनुच्छेद ७.५.४।

[१०५] "बिबेक राई"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते, "राजन राना"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

[१०६] "मोहन शर्मा"सँगको अन्तर्वार्ता, २०८२ असोज ४ गते, "बिबेक राई"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[१०७] जवाफ एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको।

आफूमाथि गोली चल्ने पूर्वाभाष गरेका थिएनन् र प्रहरीले उनीहरूलाई केआईपी, रबरको गोली वा धातुको गोली जस्ता कुनै पनि प्रकारको गोली चलाउने बारेमा कुनै पनि बेला चेतावनी दिएको थिएन। उनले भनेः

> **"हामी त्यहाँ हाम्रो आवाज उठाउन गएका थियौं, मारिन होइन। हिंसा जुन तहको भयो त्यो यस देशको इतिहासमा अभूतपूर्व थियो। या त राज्य सुरक्षामा कमजोर छ या त सबैलाई स्तब्ध पार्ने ढङ्गले क्रूर छ। दुवै अवस्थामा आफ्ना जनताको सुरक्षा गर्न असफल भएको जिम्मेवारी राज्य आफैले लिनुपर्छ।"[१०८]**

प्रहरीको गोली लागेका पत्रकार मोहन शर्माले एम्नेस्टी इन्टरनेसनलसँग कुरा गर्दै भनेः

**"'हामी गोली चलाउँदैछौं' भन्ने कुनै स्पष्ट चेतावनी थिएन। लाउडस्पीकर र माइकहरू त थिए तर भीड नियन्त्रण अपर्याप्त थियो। प्रदर्शनकारीहरूसँग प्रहरीको अनुपात धेरै कम थियो - सायद बाँकी प्रदर्शनकारीहरूको तुलनामा ५% प्रहरी।"[१०९]**

नेपाल प्रहरीले "प्रदर्शनकारीहरूलाई कर्फ्यू आदेशको बारेमा लाउडस्पीकरहरू मार्फत जानकारी गराइएको - र कर्फ्यू उल्लङ्घन गरेमा कानुनअनुसार बल प्रयोग गरिने चेतावनी दिइएको" भन्ने जवाफ यो बयानसँग मेल खान्छ र यसले सन्निकट गोलीबारी बारे कुनै स्पष्ट चेतावनी दिइएको थिएन भन्ने संकेत गर्दछ।

विरोध प्रदर्शन आयोजकहरूमध्येका एक विवेक राईले शर्माको जस्तै भनाइ राख्दै भनेः

**"चेतावनीस्वरूप हवाई फायर गरिएको थियो तर मानिसहरूलाई त्यो बुझ्न र पछी हट्न पर्याप्त समय थिएन।"**

संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरूअन्तर्गत चेतावनीस्वरूप गरिने प्रहारलाई नै बन्दुकको प्रयोगको रूपमा लिइन्छ। यसको अर्थ चेतावनीस्वरूप गरिने प्रहार अघि पनि चेतावनी दिनुपर्ने हुन्छ।[११०] साथै, चेतावनीस्वरूप प्रहार हुने गोलीको प्रक्षेपण र कुनै सतहमा ठोक्किएपछि हुने त्यसको उछाल *(रिकोशे)* लाई नियन्त्रण गर्न नसकिने हुँदा त्यसले सर्वसाधारण मुकदर्शक रहेकाहरूलाई गम्भीर खतरा पैदा गर्छ। त्यसकारण, प्रहरीले यी जोखिम र त्यसलाई कसरी न्यूनीकरण गर्ने भन्ने विषयप्रति उचित सावधानी लिनुपर्छ।

एम्नेस्टी इन्टरनेसनलले दुई जना डाक्टरहरूसँग पनि कुरा गर्यो जसमध्ये एक जना भाद्र २३ मा घाइते प्रदर्शनकारीहरूको उपचार गरेका स्नायु शल्यचिकित्सक थिए।[१११] उनले बिरामीहरूको खप्परबाट हड्डी वा नरम तन्तुमा अड्किएका रबरका गोलीहरू निकालिएको पुष्टि गरे र यी गोलीहरूले जीवन जोखिममा पार्ने वा घातक चोटपटक नै निम्त्याउन सक्ने हुँदा यिनीहरूलाई कहिल्यै पनि टाउकोमा प्रहार गर्न नमिल्ने भनी जोड दिए।[११२] यसका साथै, केआईपीहरूलाई कहिल्यै पनि लापरवाहीपूर्वक भीडमा प्रहार गर्नुहुँदैन र बरू अरूलाई हानि पुऱ्याउने जोखिम भएका निश्चित हिंसात्मक व्यक्तिहरूलाई लक्षित गर्नुपर्छ।

---

[१०८] "प्रशान्त लामा"सँगको अन्तर्वार्ता, २०८२ असोज ४ गते।
[१०९] "मोहन शर्मा"सँग अन्तर्वार्ता, २०८२ असोज ४ गते।
[११०] संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त, १०।
[१११] "डा. मदन राई"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; "डा. रमेश कार्की"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।
[११२] "डा. मदन राई"सँग अन्तर्वार्ता, २०८२ असोज २ गते।

निजामती कर्मचारी अस्पतालका डाक्टरहरूले अस्पतालमा अश्रुग्यासको सम्पर्कबाट भएका घाइते बिरामीहरूपछि रबरको गोलीबाट घाइते भएका बिरामीहरू आएको बताए।[११३] आफ्नो जवाफमा नेपाल प्रहरीले आफूसँग रबर लेपित धातुको गोलीहरू नभएको बताएको छ। तथापि, एम्नेस्टी इन्टरनेसनलले विरोध प्रदर्शनको क्रममा सुरक्षा बलहरूले रबर लेपित धातुको गोली पनि प्रयोग गरेको दस्तावेजीकरण गरेको छ। डाक्टरहरूले एम्नेस्टी इन्टरनेसनललाई यस्ता प्रोजेक्टाइलहरूबाट हुने गम्भीर क्षतिको बारेमा सचेत गराए र तिनको लापरवाहीपूर्ण प्रयोगको गम्भीर परिणामहरूको बारेमा जोड दिए। एक डाक्टरले व्याख्या गरेः

**"यदि शरीरको कमजोर भागमा लागेमा रबरका गोलीहरू शरीर भित्रै पस्न सक्छन् र ठूलो घाउ बनाउन सक्छन्। हामीले *सब-क्लाभियन* क्षेत्र [छाती माथिको काँध क्षेत्र]मा धेरै चोटहरू देखेका छौं जुन धातुका साना साना अवयवहरू रहेका रबर गोलीहरूले गर्दा भएको जस्तो देखिन्थ्यो। केही अवस्थामा हामीले मांसपेशीको तन्तुमा गोलीहरू अड्किएको भेट्यौं र मांसपेशी पातलो भएको ठाउँमा क्षति उल्लेख्य रूपमा खराब थियो। धातुका गोलीहरू निसन्देह बढी घातक हुने भए पनि रबरका गोलीहरू पनि गैह्रघातक भने हुँदैनन्।"**[११४]

रबर लेपित धातुका गोलीहरूको प्रभावको शक्तिले गम्भीर चोटपटक वा मृत्यु निम्त्याउन सक्ने भएपनि तिनलाई कम घातक हतियारको रूपमा वर्गीकृत गरिन्छ।[११५] तिनीहरूको प्रभावको शक्तिलाई हेर्दा रबर लेपित धातुका गोलीहरू विशेषगरी जोखिमयुक्त हुन्छन् र तिनीहरूको प्रयोग गर्नु हुँदैन।[११६] कम घातक हतियारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निर्देशिकाले केआईपीहरू प्रयोग गर्नुअघि कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले बालबालिका, वृद्धवृद्धा र गर्भवती महिला लगायत गम्भीर चोटपटकको उच्च जोखिममा रहेका व्यक्तिहरूलाई विशेष ध्यान दिनुपर्ने र ती समूहहरू उपस्थित भएको अवस्थामा विशेष सावधानी अपनाउनुपर्ने कुरा पनि उल्लेख गरेको छ।[११७]

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका स्वास्थ्यकर्मी संजय महर्जनले एम्नेस्टी इन्टरनेसनललाई बताएअनुसार त्यस दिन उनीहरूले उपचार गरेको सबैभन्दा कम उमेरका बिरामीमा एक १४ वर्षीय किशोर थिए जसको खुट्टामा रबरको गोली लागेको थियो।[११८] उपचारपछि उनलाई अन्ततः डिस्चार्ज गरियो। घाइतेहरूमा बालबालिकाको उपस्थितिले प्रहरीले गरेको बलको प्रयोग लापरवाहीपूर्ण प्रकृतिको रहेको र केआईपीको प्रयोगमा अन्तर्राष्ट्रिय मापदण्डहरूलाई पालना गर्न नसकेको कुरालाई उजागर गर्दछ।

एक २२ वर्षीय प्रदर्शनकारीले एम्नेस्टी इन्टरनेसनललाई बताएअनुसार भाद्र २३ गते प्रहरीले उनलाई गोली हानेको थियो जसका कारण उनको छातीमा तीनवटा घाउ र करङमा गम्भीर चोट लागेको थियो। उनले भनेः

**"ब्यारिकेड तोडिएपछि, [प्रहरीले] सायद ३० फिट टाढाबाट केही जोर गोली चलायो र मानिसहरू त्यसपछि रिसले चूर भए। अनि केहीले ढुङ्गा हान्न थाले। त्यहाँ विद्यालय जाने किशोरकिशोरीहरू लगायतका धेरै विद्यार्थीहरू थिए। भीडमा धेरैले भनिरहे, 'ढुङ्गा नहान, केवल नारा मात्र लगाउ।' ढुङ्गा फ्याँक्ने केहीलाई अरूले रोके पनि वा गाली गरे। तर पछाडि रहेका केहीले ढुङ्गा हानी नै रहे। म संसद् भवनको ठीक अगाडि थिएँ। [प्रहरीले] धेरै नजिकबाट गोली चलायो। त्यसले मलाई लाग्यो। तर मैले एउटा पनि ढुङ्गा हानेको थिइनँ।"**[११९]

---

[११३] "डा. रमेश कार्की"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते; "विष्णु श्रेष्ठ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[११४] "डा. रमेश कार्की"सँग अन्तर्वार्ता, २०८२ असोज १ गते।

[११५] एम्नेस्टी इन्टरनेसनल, *गोली चलाउँदाको सन्तुष्टिः वेष्ट बैंकमा इजराइलको अत्यधिक बल प्रयोग,* (Index: MDE 15/002/2014), https://www.amnesty.org/en/documents/mde15/002/2014/en ।

[११६] उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयनमा कम घातक हतियारको प्रयोग (यसअघि पनि साइट गरिएको), अनुच्छेद ७.५.८।

[११७] उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयनमा कम घातक हतियारको प्रयोग (यसअघि पनि साइट गरिएको), अनुच्छेद २.७ र ७.४.६।

[११८] "संजय महर्जन"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

[११९] "रोजन तामाङ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

एम्नेस्टी इन्टरनेसनलले विरोध प्रदर्शनको समाचार संकलन गर्ने क्रममा रबरको गोली लागि घाइते भएका पत्रकार प्रज्वल खड्कासँग पनि अन्तर्वार्ता लिएको थियो। उनले भनेः

**"म गेट नजिकै थिएँ। मेरो शरीरमा दुईवटा भ्वाङ भए - मलाई दुईवटा रबरका गोली लागे। जम्मा तीनवटा घाउ थिए - दुईवटा पूर्ण र एउटा आंशिक। मेरा साथीहरूले मलाई निजामती अस्पताल लगे जहाँ मैले आधारभूत प्राथमिक उपचार पाएँ। उनीहरूले रक्तस्राव रोक्न मेरो घाउमा पट्टी बाँधे र *एक्स*-रेको लागि लगे। एक्सरेमा गोली देखियो। मलाई थप उपचार आवश्यक भयो। सम्भवतः शल्यक्रिया नै गर्नुपर्ने थियो। त्यसैले मैले पाटन अस्पतालमा स्थानान्तरण गर्ने निर्णय गरें। किनभने त्यो क्षेत्रमा सामान्यतया विरोध प्रदर्शन हुँदैन।"**[१२०]

खड्का र घाइते प्रदर्शनकारी, पत्रकार तथा स्वास्थ्यकर्मीहरूले दिएको बयानले नेपाल प्रहरीले लापरवाहीपूर्वक र कम घातक हतियारको प्रयोगलाई नियमन गर्ने अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको पालना नगरी केआईपीहरू प्रयोग गरेको देखाउँछ। आफ्नो व्यावसायिक कर्तव्य निर्वाह गरिरहेका संचारकर्मी भनी स्पष्ट रूपमा चिनिने व्यक्ति लगायत हिंसामा संलग्न नभएका व्यक्तिहरूलाई लाग्ने गरी केआईपीहरूलाई भीडमा प्रहार गरिएको थियो। शान्तिपूर्ण प्रदर्शनकारी, सर्वसाधारण मुकदर्शक वा बटुवा र पत्रकार तथा हिंसात्मक प्रदर्शनकारीहरू बीचको फरक नछुट्याई भीड भएको विरोध प्रदर्शन स्थलमा यस्ता क्षेप्य वस्तुको प्रयोग गर्नु अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गतको आवश्यकता र समानुपातिकताको सिद्धान्तको उल्लङ्घन हो। नेपाल प्रहरीको कार्यले यी सिद्धान्तहरूको उल्लङ्घन मात्र नभई शान्तिपूर्ण प्रदर्शनकारी, पत्रकार, बालबालिका र अन्य सर्वसाधारण मुकदर्शक वा बटुवाहरूलाई पनि खतरामा पारेको थियो।

# ७. सुरक्षा बलहरूद्वारा बन्दुकको गैरकानुनी प्रयोग

बन्दुक एउटा हतियार हो जसमा प्रयोग हुने गोलीगठ्ठाको प्रकृतिका कारण यसलाई ज्यान मार्नेको लागि बनाइएको हुन्छ। स्पष्ट र व्यक्तिगत रूपमा पहिचान गरिएको सन्निकट मृत्यु वा गम्भीर चोटपटकको खतरालाई टार्नुपर्ने अवस्था बाहेक हिंसामा असंलग्न रहेका सर्वसाधारण मुकदर्शक वा त्यस्तो खतरा पैदा नगर्ने अन्यलाई जोखिममा नपार्ने कुरा सुनिश्चित गरेर र अन्य, कम घातक उपायहरू उपलब्ध नरहेको वा प्रभावकारी हुने सम्भावना नदेखिएको अवस्था बाहेकको भेलाको समयमा वा भेला हिंसात्मक नै हुँदा पनि बन्दुकलाई प्रयोग गर्नुहुँदैन।[१२१]

शान्ति कायम राख्न असम्भव भएको बेला सुरक्षाकर्मीहरूलाई अन्तिम उपायको रूपमा हतियार प्रयोग गर्न अधिकार दिने नेपालको स्थानीय प्रशासन ऐन, २०२८ मा यी सुरक्षाहरू पर्याप्त रूपमा समावेश गरिएका छैनन्। ऐनले मृत्यु वा गम्भीर चोटपटकको सन्निकट खतरा टार्नका लागि मात्र बन्दुक प्रयोग गर्न मिल्छ भन्ने कुरालाई उल्लेख गरेको छैन र प्रहरीलाई व्यक्ति वा समूहलाई लक्षित गरी बन्दुक प्रयोग गर्ने अधिकार दिएको छ जसले बन्दुकको गैरकानुनी प्रयोग हुने गम्भीर खतरा निम्त्याएको छ। ऐनमा प्रदर्शनकारीहरूलाई उनीहरूले दिएको आदेशलाई पालना नगरेमा गोली चलाइने भनी पहिले चेतावनी दिनुपर्ने र चेतावनी दिएपछि घुँडा मुनि लाग्ने गरी मात्र गोली चलाउनुपर्छ भनी उल्लेख गरेतापनि ऐनका प्रावधानहरू अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र बन्दुकको प्रयोगसम्बन्धी मापदण्डहरूसँग धेरै नै असंगत छन्।[१२२]

[१२०] "प्रज्वल खड्का"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[१२१] उच्चायुक्तको कार्यालय, कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा बल प्रयोग तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरू, ७ सेसेम्बेर १९९०।

[१२२] स्थानीय प्रशासन ऐन,२०२८, दफा ६ (क) र (क) एवं दफा ६क(४), https://www.icnl.org/wp-content/uploads/Nepal_localad.pdf ।

नेपाल प्रहरीले आफ्नो जवाफमा सुरक्षाकर्मीले ब्ल्याङ्क राउण्ड मात्रै फायर गरिएको जनाएको छ। ब्ल्याङ्क राउण्डलाई फायर गरेपछि आवाज आउने र बन्दुकको मुखकोबाट झिल्का निस्कने तर त्यसबाट कुनै वस्तु प्रक्षेपित नहुने पनि उसले जनाएको छ। साथै उक्त ब्याङ्क राउण्डलाई "महत्त्वपूर्ण पूर्वाधार"[123]को संरक्षणका लागि फायर गरेको पनि प्रहरी जनाएको छ। तर एम्नेस्टी इन्टरनेसनलले तल चर्चा गरिएअनुरूप धातुका गोलीहरू प्रयोग भएको पाएको छ। महत्त्वपूर्ण संरचना लगायतका संपत्तिमा हुने क्षतिको असरहरू चरम गम्भीर नहुँदासम्म तिनलाई गम्भीर (र त्यसकारण हिंसात्मक) हुँदैन। त्यसैले त्यो अवस्थाले घातक बलको प्रयोगको औचित्य सिद्ध गर्दैन। एम्नेस्टी इन्टरनेसनलले मृत्यु वा गम्भीर चोटपटकको सन्निकट खतरा नभएको अवस्थामा प्रहरीले घातक बल प्रयोग गरेको प्रमाण फेला पारेको छ जसबाट जीवनको अधिकारलाई स्वेच्छाचारी तवरमा छिनिएको छ।

# ७.१ लापरवाहीपूर्ण र घातक बल

प्रत्यक्षदर्शीहरूले संसद् परिसर नजिकै तनाव बढ्दै गएपछि प्रहरीले धेरै दिशाबाट गोली चलाउँदा उत्पन्न भएको भ्रम र आतंकको दृश्यको वर्णन गरे।[124] त्यहाँ उपस्थित एकजना विरोध प्रदर्शनका आयोजक विवेक राईले आफूले गोलीगठ्ठाको नभई पानीको फोहोरा वा अश्रुग्यासको प्रयोग हुने अपेक्षा गरेको एम्नेस्टी इन्टरनेसनललाई बताए।[125] उनले एक विद्यालय जाने उमेरका किशोरको टाउकोमा गोली लागेर मृत्यु भएको र धेरै जना घाइते भएको देखेको स्मरण गरे। उनका अनुसार, "[परिस्थिति] पूर्ण रूपमा अस्तव्यस्त देखिन्थ्यो र एकैचोटि धेरै स्थानबाट गोलाबारी भइरहेको थियो।"[126]




*भिडियोहरूमा २०८२ भाद्र २३ गते संसद् भवन भित्र र वरपरका नेपाली प्रहरीका अधिकारीहरू राइफल (माथिका तस्बिरहरू), शटगन सहित (माथिको दायाँ र सबमेसिन गन (तलको बायाँ) सहित देखाइएका छन्। © एम्नेस्टी इन्टरनेसनल*

---

[123] जवाफ एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको।

[124] "बिबेक राई"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते, "अनिश श्रेष्ठ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते, "निरज गुरुङ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते, "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते, "गणेश अधिकारी"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते, "आरति गुरुङ"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते, "प्रशान्त लामा"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[125] "बिबेक राई"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[126] "बिबेक राई"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

एम्नेस्टी इन्टरनेसनलको *एभिडेन्स ल्याबले* जाँच गरी पुष्टी गरेको सातवटा भिडियो र तीनवटा तस्बिरमा अधिकारीहरूले संसद् भवनभित्र वा यसको आसपासबाट प्रदर्शन नियमन (पोलिसिङ्ग) मा वैध ढङ्गमा प्रयोग गर्न नमिल्ने एफएन एफएल राइफल[१२७] जस्ता घातक हतियारहरूलाई प्रहार गरेको देखिन्छ। ड्रोनबाट लिइएको फुटेजमा एक अधिकारीले संसद्को मुख्य प्रवेशद्वार चढेका प्रदर्शनकारीहरूतर्फ एफएन एफएल प्रहार गरेको देखिन्छ।[१२८] अर्को भिडियोमा एक प्रदर्शनकारीले संसद्को गेटतर्फ ढुङ्गा हानेपछि उनलाई टाउकोको सतहमै शटगनबाट गोली प्रहार गरिएको देखिन्छ।[१२९] पछि उनको टाउकोबाट अत्यधिक रक्तश्राव भइरहेको देखिन्छ। उक्त शटगनमा कुन प्रकारको गोली राखिएको थियो भन्ने निर्धारण गर्ने स्थितिमा एम्नेस्टी इन्टरनेसनल नभए पनि टाउकोकै सतहमा गोली हानिनु र त्यसक्रममा यदि कम घातक हतियारै प्रयोग गरिएको थियो भने पनि त्यो बल तथा बन्दुकको प्रयोगसम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको उल्लङ्घन हो।

एम्नेस्टी इन्टरनेसनलले लामो समयदेखि एम्नेस्टी इन्टरनेसनलका सदस्य रहेका र नेपालमा धेरै प्रदर्शनहरूको अवलोकन र अनुगमन गरेका स्वतन्त्र विरोध अवलोकनकर्तासँग पनि अन्तरवार्ता लिएको थियो। आफ्नो अनुभवका आधारमा उनीहरूले भाद्र २३ गतेको प्रहरीको प्रतिक्रियालाई "युद्धजस्तै अवस्था" को रूपमा वर्णन गरे।[१३०] उनीहरूले गोली कहाँबाट बर्सिरहेको छ भन्ने समेत निश्चित नभएको र प्रहरीले स्थितिको पूर्ण रूपमा नियन्त्रण गुमाएको जस्तो देखिएको बताए।[१३१] एकजना अवलोकनकर्ता अनिश श्रेष्ठले भनेः

> **"बन्दुकको प्रयोग गर्ने निर्णयका बारे बुझ्न एकदम कठिन थियो। यदि प्रहरीले लाठी वा अश्रुग्यासको प्रभावकारी प्रयोग गरेको भए उनीहरूले हिंसालाई नियन्त्रण गर्न सक्थे। तर जब उनीहरूले बन्दुकको प्रयोग गरे त्यसपछि सबै उथलपुथल भयो। यसले स्थिति धेरै बिगार्यो।"[१३२]**

भीड बानेश्वर चोकमा पुग्दा प्रहरी मुख्यतः आफ्नो सुरक्षामा केन्द्रित रहेको देखिएको प्रदर्शनका दृष्यहरूलाई कैद गरिरहेका फोटोपत्रकार प्रज्वल खड्काले एम्नेस्टी इन्टरनेसनललाई बताए। "केही अधिकारीहरूलाई प्रदर्शनकारीले कुटपिट गरेको रिपोर्ट पनि आएको थियो," उनले भने।[१३३] "मैले रेलिङ र फलामका ब्यारिकेडहरू क्षतिग्रस्त भएको देखें र मानिसहरूले प्रहरीका ढाल र उपकरणहरूमा प्रहार गरिरहेका थिए। त्यसपछि अचानक संसद् परिसरभित्रबाट, बाहिरबाट र मुख्य प्रवेशद्वार नजिकै रहेका सशस्त्र इकाइहरूबाट अन्धाधुन्ध गोलाबारी सुरू भयो। त्यो अराजकताको बीचमा कुन गोली कहाँबाट आएको थियो भनी बुझ्न असम्भव थियो।"[१३४] एम्नेस्टी इन्टरनेसनलको क्राइसिस एभिडेन्स ल्याबद्वारा विश्लेषण गरिएका भिडियोहरूले प्रहरी अधिकारीहरूले संसद् भवनको परिसर भित्रैबाट गोली चलाएको सङ्केत गरेका छन्। यसले संसद् भवन बाहिर वा नजिकका अन्य स्थानबाट पनि गोलाबारी भएको हुन

---

[१२७] २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको, https://www.facebook.com/watch/?v=1271897934238574; https://x.com/Online_khabar/status/1965055376124268861

[१२८] २०८२ भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको, https://x.com/Online_khabar/status/1965055376124268861

[१२९] २०८२, भाद्र २३ गते प्रकाशित मिडिया, एम्नेस्टी इन्टरनेसनलको अभिलेखमा रहेको, https://x.com/SGnepal/status/1967633976652337259

[१३०] "आरती गुरूङ"सँगको अन्तरवार्ता, २०८२ असोज ४ गते।

[१३१] "अनिस श्रेष्ठ"सँगको अन्तर्रवार्ता, २०८२ असोज १ गते; "आरती गुरूङ"सँगको अन्तरवार्ता, २०८२ असोज ४ गते।

[१३२] "अनिस श्रेष्ठ"सँगको अन्तर्वार्ता,२०८२ असोज १ गते।

[१३३] "प्रज्वल खड्का"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[१३४] "प्रज्वल खड्का"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

सक्ने सम्भावनालाई निराकरण गर्दैन। यद्यपि, प्रमाणीकरण प्रक्रियाका क्रममा यस्ता घटनाहरू पुष्टि गर्ने कुनै सार्वजनिक रूपमा उपलब्ध भिडियो प्रमाणको पहिचान भएन।

वास्तवमा अन्य प्रत्यक्षदर्शीहरूले त्यो भद्रगोलको भावलाई दोहोर्याउँदै गोलीबारी लापरबाहीपूर्वक र अनियन्त्रित तवरबाट भएको बताए।[१३५] धेरैले गोलीहरू कहाँबाट आइरहेका थिए भन्ने बुझ्न लगभग असम्भव भएको बताए। जसले गर्दा मानिसहरूलाई भीडबाट भाग्न वा आश्रय खोज्न अत्यन्त कठिन भएको थियो।[१३६]
राष्ट्रिय ट्रमा सेन्टरका डा. केशव अधिकारीले दिएको बयानबाट प्रदर्शनकारीहरूमाथि भएका आक्रमणहरूको गम्भीरता स्पष्ट हुन्छ। उहाँले भन्नुभयो:

**"सामूहिक हताहतीका घटनाहरूमा सामान्यतः गम्भीर घाइतेको संख्या कम हुन्छ र सामान्यदेखि मध्यम स्तरका घाइते धेरै हुन्छन् र केही मृत्युका घटनाहरू पनि हुन्छन्। हामी त्यसैअनुसार हाम्रो योजना बनाउँछौं। प्रायः हामी १० देखि २०% गम्भीर घाइतेको अपेक्षा गर्छौं। तर यो पटक त्यसको ठीक उल्टो भयो - गम्भीर घाइतेहरू चाहीं अत्यधिक धेरै थिए, सम्भवतः ५० देखि ६०% नै थिए।"**[१३७]

उनको बयान ग्राउन्डको अवस्थाअनुसार आवश्यकै नपर्ने खालको बल प्रयोगको तीव्र वृद्धिबाट पूर्ण रूपमा अचम्मित र स्तब्ध भएका अन्य प्रदर्शनकारीहरूको बयानसँग मेल खान्छ।

सञ्चारमाध्यममा आएका रिपोर्टहरूअनुसार विरोध प्रदर्शनबारे नेपाल प्रहरीले तयार पारेको प्रारम्भिक प्रतिवेदनले भाद्र २३ र २४ मा देशभर १३,१८२ पटक गोली चलाइएको थियो जसमा २,६४२ *धातुका गोली* र १,८८४ *रबरका गोली थिए भने* २,३७७ पटक चेतावनीमूलक फायर गरिएको र ६,२७९ अश्रुग्यासका खोकाहरू प्रयोग गरिएको थियो।[१३८] उक्त रिपोर्टअनुसार सबैभन्दा धेरै गोली काठमाडौंमा चलाइएको थियो जसमा १,३२९ *धातुका गोली* र १,४२० *रबरका गोली रहेका थिए* र १,०४६ राउण्ड चेतावनीमूलक फायर गरिएको थियो र ३,०९६ थान अश्रुग्यास शेल प्रहार गरिएको थियो। त्यसक्रममा एसएलआर, इनसास र पेस्तोल जस्ता घातक हतियारहरूलाई प्रयोग गरिएको थियो।[१३९]

एम्नेस्टी इन्टरनेसनलले निजामती कर्मचारी अस्पतालका डाक्टरहरूसँग पनि कुरा गर्यो जसले भाद्र २३ गतेका दिन दिउँसो १२:३० देखि १ बजेतिरबाट गोली लागेका घाइतेहरू आउन सुरू गरेको पुष्टि गरे।[१४०] निजामती कर्मचारी अस्पतालले भाद्र २३ मा करिब २५० जना र भोलिपल्ट २०० जना बिरामीको उपचार गरेको थियो। अस्पतालका कर्मचारीहरूले दुई दिनमा करिब ४६० जना घाइतेहरूको उपचार गरेको र त्यसमध्ये कम्तिमा छ जनाको मृत्यु भएको अनुमान गरे।[१४१] एकजना डाक्टरले एक्सरेमा धातुका गोलीका छर्राहरू (metal projectiles) देखेको सुनाए।[१४२] एभरेष्ट अस्पतालका कर्मचारीहरूले भाद्र २३ गते १२० भन्दा बढी घाइतेहरूको उपचार गरे जसमा बन्दुकको गोली लागेर तीन जनाको मृत्यु भएको पुष्टि भयो।[१४३] बिरामीको स्वास्थ्य हेरचाह टोलिका एकजना सदस्य नारायण थापाले बिरामीका शरीरबाट धातुका गोलीका छर्रा निकालेको, गहिरो चोटका लागि छातीमा ट्युब हालेको

[१३५] प्रज्वल खड्का"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते। "गणेश अधिकारी"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[१३६] "बिबेक राई"सँगको, २०८२ असोज १ गते; अनिस श्रेष्ठ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते; "निरज गुरूङ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते; "सन्दिप पन्त"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते; "गणेश अधिकारी"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते; आरती गुरूङ"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते; "प्रशान्त लामा"सँगको अन्तर्वार्ता, २०८२, असोज ४ गते।

[१३७] "डा केशब अधिकारी"सँगको अन्तर्वार्ता, २०८२, असोज २ गते।

[१३८] यमयसयन "2,642 rounds of live ammunition fired over two days of Gen Z protests: Police" २०८२, असोज १० गते, https://www.msn.com/en-xl/asia/nepal/2642-rounds-of-live-ammunition-fired-over-two-days-of-gen-z-protests-police/ar-AA1NnMtm ।

[१३९] यमयसयन "2,642 rounds of live ammunition fired over two days of Gen Z protests: Police", (यसअघि साइट गरिएको)).

[१४०] "डा रमेश कार्की"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते; "डा विष्णु श्रेष्ठ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[१४१] "डा रमेश कार्की"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते; "डा विष्णु श्रेष्ठ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[१४२] "डा रमेश कार्की"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते; "डा विष्णु श्रेष्ठ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[१४३] "नारायण थापा"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

र गोली लागेर मृत्यु भएको अवस्थाहरू देखेको बताए।[१४४] राष्ट्रिय ट्रमा सेन्टरमा भाद्र २३ गतेको केही घण्टाको अवधिमा डाक्टरहरूले ६५ देखि ७५ जना बिरामीलाई जाँच गरे।[१४५] तीमध्ये आठ जनाको अस्पताल आइपुगे लगत्तै मृत्यु भएको थियो, जसमा चार जनाको मस्तिष्कमा चोटपटक लागेको थियो र सीटी स्क्यानले धातुजन्य वस्तु वा कणहरू देखाएको थियो। बाँकीको छातीमा गम्भीर चोट लागेको थियो ।

## ७.२ टाउको, घाँटी र छातीमा लागेका चोटपटकहरू

एम्नेस्टी इन्टरनेसनलले सङ्कलन गरेको प्रमाणले प्रदर्शनकारीहरूलाई लागेको अधिकांश चोटपटकहरू टाउको, घाँटी र छाती लगायत पेट भन्दा माथिल्लो भागमा रहेको देखाउँछ।[१४६] त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको विधिविज्ञान विभागका निष्कर्षलाई उद्धृत गर्दै सञ्चार माध्यमहरूले भदौ २३ र २४ गते मारिएका सबै व्यक्तिलाई कम्मरभन्दा माथि गोली प्रहार भएको जसमा १९ जनालाई छातीमा, १० जनालाई टाउकोमा, चार जनालाई पेटमा र दुईजनालाई घाँटीमा गोली लागेको उल्लेख गरेका छन्।[१४७] निजामती कर्मचारी अस्पतालका डाक्टर रमेश कार्कीले पनि यस्तै धारणा राखेः

> **"केहीलाई टाउको र छातीमा गोली लागेको थियो, अन्यलाई पेट वा प्रमुख रक्तनलीमा जीवन नै जोखिम हुने खालको चोटपटक लागेको थियो। धेरै बिरामीहरू भारी रक्तश्रावमा थिए र रक्तश्रावलाई रोक्नु नै सबैभन्दा कठिन काम बन्न पुगेको थियो। अपरान्ह करिब २ बजे आकस्मिक कक्षको अवस्था भयाभह थियो, जतातते रगतै रगत, बिरामीहरू ढलिरहेका, डाक्टर र नर्सहरू लगातार दौडधुप गरिरहेका। लाग्थ्यो त्यो एउटा कुनै कशाई घर थियो।"[१४८]**

यो कुरा राष्ट्रिय ट्रमा सेन्टरका डाक्टरहरूले पनि दोहोर्याए। जसमध्येका एकजनाले एम्नेस्टी इन्टरनेसनललाई भनेः

**"हामीले मुख्यतः गोली लागेका गम्भीर चोटपटकहरू (traumatic bullet injuries) देख्यौं। कतिपयलाई हात र खुट्टा भाचिएको जस्तो हिर्काइ वा ठेस वा ठोकाइबाट लागेको जस्तो देखिने शरिर सतही चोटपटकहरू पनि थिए। तर मुख्य स्वरूप भने गोली लागेर भएको चोटपटक नै थियो। तीन जना बिरामी मृत अवस्थामा ल्याइएका थिए र चार जना [आकस्मिक कक्षमा] ढले र त्यहीं उनीहरूको मृत्यु भयो। एक जनालाई घाँटीमा ट्युब हालेर सघन उपचार कक्ष (ICU) तर्फ लगेता पनि केही समयपछि उनको पनि मृत्यु भयो। यहाँ आएका जम्मा पाँच जनाको मृत्यु भयो। दुई घण्टाभित्र सबै पाँच वटा शल्य टेबलहरूमा विपद्का केसहरूको उपचार चलिरहेको थियो।"[१४९]**

राष्ट्रिय ट्रमा सेन्टरमै कार्यरत डा. मदन राईले बताएः

---

[१४४] "नारायण थापा"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[१४५] "डा केशब अधिकारी", "डा मदन राई", "डा दीपक गुरूङ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[१४६] "केशब अधिकारी", "डा मदन राई", "डा दीपक गुरूङ"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[१४७] कान्तिपुर, "Post-mortem confirmed that 39 people were killed by bullets, all of whom were hit in the waist", २०८२ असोज २५ गते। https://ekantipur.com/news/2025/10/28/postmortems-confirm-that-all-39-people-killed-by-gunfire-were-shot-in-the-waist-03-11.html

[१४८] "डा रमेश कार्की"सँगको अन्तर्वार्ता, २०८२ असोज १ गते।

[१४९] "डा केशब अधिकारी"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

**"नेपालमा पहिले पनि विशेष गरी २०६२/२०६३ मा ठूलाठूला प्रदर्शनहरू भएका छन्। यस पटक तत्काल देखिएको प्रवृत्तिमा धातुका गोलीसँग मेल खाने धेरै टाउको र छातीका घाउहरू देखिए जसले बल प्रयोग अत्यन्त छिटो गतिमा बढेको स्पष्ट सङ्केत गर्छ। तितरबितर पार्ने उपायहरूका रूपमा पानीको फोहोरा वा अश्रुग्यासको प्रयोग पनि गर्न सकिन्छ। व्यक्तिविरुद्ध काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल जस्ता हतियारहरू प्रयोग गर्नु आवश्यक देखिएको परिस्थितिमा पनि टाउको र छातीमा प्रहार गर्ने कार्य गरिनुहुन्न। सुरूदेखि नै प्रहरीको प्रतिक्रिया अत्यधिक आक्रामक देखिन्छ र जे अन्तिम उपाय हुनुपर्ने थियो (प्रत्यक्ष गोली प्रहार) त्यसलाई पनि सुरूमै प्रयोग गरिएको देखिन्छ।"**[१५०]

## ७.३ प्रहरीका कमजोरीहरूको स्वीकारोक्ति

एम्नेस्टी इन्टरनेसनलले नेपाल प्रहरीका वरिष्ठ अधिकृत कृष्णराज थापासँग पनि कुरा गरेको थियो। थापा उक्त विरोध प्रदर्शनको नियमन र व्यवस्थापन (पोलिसिङ्ग)मा प्रत्यक्ष संलग्न नभए तापनि उनले ठूलठूला विरोध प्रदर्शनहरूलाई समेत व्यवस्थापन र नियमन गरेको आफ्नो लामो र व्यापक अनुभवको आधारमा प्रतिक्रिया दिए। थापाले सुरक्षा अवस्थाको बारेमा नेपाल प्रहरीको अपर्याप्त मूल्याङ्न र राजनीतिक गुप्तचरीको अभावलाई दोष दिए।[१५१] उनले भनेः

**"मेरो अनुमानमा प्रहरीहरूले शान्तिपूर्ण विरोध प्रदर्शन हुने ठानेर ब्यारिकेड र होल्डिङ (नियन्त्रण)को व्यवस्थालाई तयारी राखेका थिए। ब्यारिकेडहरू ढलेपछि र भीड भित्र छिर्न थालेपछि पानीको फोहोरा प्रयोग गरियो। तर जब प्रदर्शनकारीहरूबाट ढुङ्गा हान्न सुरू भयो र मानिसहरू संसद्को गेटतर्फ दौडिन थाले त्यसपछि प्रहरीको विशेष कार्य दलको व्यवस्थालाई सक्रिय पारियो।"**[१५२]

नेपालको आवश्यक वस्तु संरक्षण ऐन, २०१२ ले प्रहरीको हेडकन्स्टबल वा सेनाका पति वा जिम्मेवार अन्य अधिकारीलाई संसद भवन लगायत "महत्त्वपूर्ण प्रतिष्ठान"मा क्षति पुर्याउने वा क्षति पुर्याउन प्रयास गर्ने व्यक्तिलाई पक्राउ गर्दा भाग्ने प्रयास गरेमा हतियार प्रयोग गर्ने अधिकार प्रदान गर्दछ। यस्तो अवस्थामा पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा सम्बन्धित प्रहरी कर्मचारीलाई बात लाग्ने छैन।[१५३] अधिकारीहरूले विगतमा विरोध र प्रदर्शनहरूलाई नियन्त्रण गर्दा यस प्रावधानलाई प्रयोग गर्ने गरेका छन् र यस कानुनले दिएको उन्मुक्तिका कारण कुनै पनि अधिकारीविरुद्ध मुद्दा दर्ता गरिएको छैन।"[१५४]

थापाले पुष्टि गरे कि संसद् भवनभित्र र वरिपरी तैनाथ सुरक्षा बलहरू भीडलाई सामना गर्ने क्रममा चर्को दबाबमा परेको र उनीहरूले कानुनी आवश्यकता भन्दा पनि अत्यास र त्रासबाट निर्देशित भएर कारबाही गरेको पुष्टी गरे। उनले भनेः

**"त्यहाँ (संसद् भवनमा) सशस्त्र प्रहरी बल (सशस्त्र)को एउटा इकाइ तैनाथ छ। साथै (सांसद्हरूको) प्रवेश जाँचका लागि नेपाल प्रहरी पनि तैनाथ छ। सशस्त्र ब्याकअपको रूपमा रहन्छ। ब्यारिकेड राखिएको क्षेत्रहरूमा नेपाल प्रहरी र सशस्त्र दुवै उपस्थित थिए। यद्यपि मेरो दृष्टिमा संख्या केही कम देखिन्थ्यो। जब भीड आक्रमक भयो, सशस्त्र वा नेपाल प्रहरी आँत्तिएर भित्र जे जे उपलब्ध थियो त्यसैलाई प्रयोग गरेका हुनसक्छन्।"**[१५५]

---

[१५०] "डा मदन राई"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

[१५१] "कृष्ण बहादुर थापा"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[१५२] "कृष्ण बहादुर थापा"सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

[१५३] नेपालको आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को खण्ड ६।

[१५४] इन्टरनेसनल कमिसन अफ जुरिसट, राष्ट्रिय सुरक्षा कानुन र मानव अधिकारमा प्रभाव,अगस्ट २००९, https://www.icj.org/resource/national-security-laws-and-human-rights-implications-in-nepal, पृष्ठ ४८।

[१५५] "कृष्ण बहादुर थापा" सँगको अन्तर्वार्ता, २०८२ असोज ३ गते।

एम्नेस्टी इन्टरनेसनलले नेपाल प्रहरीका अवकाशप्राप्त वरिष्ठ अधिकारी डिल्लीराज बिष्टसँग पनि कुरा गरेको थियो। उनले पनि प्रहरीद्वारा विरोध प्रदर्शनको नियमनमा भएका गम्भीर त्रुटीहरूलाई स्वीकार गरे जसका कारण १९ जनाको मृत्यु भयो।[१५६] व्यक्तिगत हैसियतमा एम्नेस्टी इन्टरनेसनलसँग कुरा गर्दै उनले भनेः

**"सन् १९९२ देखि नेपाल प्रहरीले संयुक्त राष्ट्रसंघका शान्ति मिसनहरूमा भाग लिँदै आएको छ। जहाँ मुख्य कार्यदिश नै नागरिहरूको सुरक्षा गर्नु हुन्छ। आधारभूत, गहन र विशेष प्रशिक्षणहरूमा अधिकृतहरूलाई जीवनको रक्षा नै सर्वोच्च प्राथमिकता हो र बल प्रयोगका सिद्धान्तहरू अनिवार्य रूपमा पालना गर्नुपर्छ भनेर बारम्बार सिकाइन्छ। संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएपनि र अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूलाई संविधान र कानुनमा समेटिएको भएपनि पनि प्रहरीले घातक बलको प्रयोग गरेको छ।"[१५७]**

बालबालिका र पत्रकार लगायत प्रदर्शनकारीहरूमाथि धातुका गोली प्रयोग गर्नु बलको अनावश्यक र असमानुपातिक प्रयोग हो र त्यसैले त्यो गैरकानुनी हो। जीवनमाथि कुनै सन्निकट खतरा नभएको परिस्थितिमा बल प्रयोग गर्नुअघि चेतावनी समेत नदिई घातक हतियारको प्रयोग गर्नु तथा शरिरको टाउको र छाती जस्ता भागहरूमा गोलीका चोटहरू देखिकोएको ढाँचाले गैरन्यायिक र स्वेच्छाचारी हत्याको सङ्केत गर्दछ। यस्ता कार्यहरूले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि र कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा बल र बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तअन्तर्गत नेपालका दायित्वहरूको उल्लङ्घन हुन्छ। यी दुवै मापदण्डले घातक बल केवल मृत्यु वा गम्भीर चोटको तत्काल जोखिम पैदा गर्ने व्यक्तिहरूमाथि मात्र र जीवन रक्षा गर्न पूर्ण रूपमा अपरिहार्य भएको अवस्थामा मात्र प्रयोग गर्न सकिने स्पष्ट निर्धारण गरेका छन्।

# ८. निष्कर्ष

सभालाई तितरबितर पार्ने कार्य अपवादात्मक उपायको रूपमा मात्र अपनाइनुपर्छ जसलाई यदि एकदमै अत्यावश्यक भएमा र वैध उद्देश्य प्राप्तिका लागि प्रयोग गरिएका अन्य सबै उपायहरू असफल भएको अवस्थामा मात्र प्रयोग गर्न सकिन्छ। उदाहरणका लागि गम्भीर र व्यापक हिंसाको तत्काल जोखिमलाई लक्षित गिरफ्तारीजस्ता कम हस्तक्षेपकारी उपायहरूबाट रोक्न सम्भव नभएमा मात्र अधिकारीहरूले सभालाई तितरबितर पार्न सक्दछन्। यसका अतिरिक्त बलको प्रयोग गर्नु हुँदैन र यदि बलको प्रयोग अपरिहार्य भएमा पनि यो वैध उद्देश्य पूरा गर्न आवश्यक न्यूनतम स्तरमै सीमित हुनुपर्छ। १९ जनाको मृत्यु हुने गरी भएको सम्पूर्ण घटनाक्रमको सुरूवात नै जुलुसलाई रोक्न प्रहरीले खडा गरी राखेको गैरऔचित्यपूर्ण ब्यारिकेडबाट भएको थियो। जब ठूलो भीडले अवरोध हटाएर अगाडि बढ्ने प्रयास गर्यो प्रहरीले यसैलाई आधार बनाएर त्यसबेलासम्म हिंसात्मक व्यवहार नगरेका व्यक्तिहरूमाथि कम घातक हतियारको प्रयोग गर्यो।

भाद्र २३ गतेका घटनाबारे अस्पताल, पत्रकार र प्रदर्शनकारीहरूले दिएको प्रत्यक्ष बयानहरूले धातुको गोली प्रयोग गरी गरिएको गैरकानुनी हत्या र घातक तथा कम घातक दुवै खाले बलको प्रयोगका कारण भएका गम्भीर चोटपटकलगायत अनावश्यक र अत्यधिक बल प्रयोगको स्पष्ट प्रवृत्तिलाई देखाउँदछन्।

अन्तर्राष्ट्रिय कानुनअन्तर्गत र विशेषगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा ६ अनुसार जीवनको अधिकार अहरणीय छ। संयुक्त राष्ट्रसंघका आधारभूत सिद्धान्तहरूले आत्मरक्षा वा अरूलाई तत्काल मृत्यु वा गम्भीर चोटपटकको खतराबाट जोगाउनका लागि र उक्त उद्देश्य प्राप्त गर्नका लागि कम घातक उपायहरू

[१५६] "डिल्ली राज विष्ट" सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।
[१५७] "डिल्ली राज विष्ट"सँगको अन्तर्वार्ता, २०८२ असोज २ गते।

अपर्याप्त रहेको अवस्थामा मात्र बन्दुकको प्रयोगलाई अनुमति दिन्छन्। आधारभूत सिद्धान्तहरूले बन्दुकको जानाजानी गरिने घातक प्रयोग जीवन रक्षाका लागि अपरिहार्य भएको अवस्थामा अन्तिम उपायको रूपमा मात्र प्रयोग गर्न सकिने छ भनी थप उल्लेख गरेको छ। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको आवश्यकता र समानुपातिकताको सिद्धान्तलाई पर्याप्त रूपमा विचार नगरी छोटो अवधिमै गरिएको बल प्रयोगको तीव्र वृद्धि र मृत्यु वा गम्भीर चोटपटकको तत्काल कुनै खतरा पैदा नभएको परिस्थितिमा बालबालिकासहितका प्रदर्शनकारीहरूविरुद्ध धातुको गोलीको निरन्तर प्रयोगले यो मापदण्ड पूरा गर्दैन। चिकित्सकीय बयानहरूले पनि बलको अत्यधिक प्रयोग भएको कुरालाई औँल्याउँदै धेरै पीडितहलाई गोलीको घाउ भएको जनाएका छन् जसले कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले अहिंसात्मक वा कम घातक उपाय नै पर्याप्त हुने अवस्थामा पनि बन्दुक प्रयोग गरेका सङ्केत गर्दछ।

कम घातक हतियार प्रयोग गरेकै अवस्थामा पनि प्रहरीले ती हतियारहरूलाई लापरवाहीपूर्वक र गैरकानुनी तरिकाले परिचालन गरेको थियो। विभिन्न अस्पतालका डाक्टरहरूले धेरैजसो चोटपटकहरू टाउको, घाँटी र छातीमा लागेको बताएका छन्। अश्रुग्यासको दुरूपयोग पनि उत्तिकै खतरनाक थियो। अश्रुग्यासका खोकाहरू व्यक्तिहरूलाई सिधै ताकेर प्रहार गरिएको बताइएको छ। अश्रुग्यास अस्पतालको वार्डहरूसम्म पुगेको थियो र कम्तिमा एउटा घटनामा प्रहरीले निजामती कर्मचारी अस्पतालको आकस्मिक कक्षमा झण्डै झण्डै एउटा अश्रुग्यास प्रहार गरेको थियो। तर घाइतेहरूको उपचार गरिरहेका डाक्टरहरूको गम्भीर चेतावनीपछि प्रहरी पछि हटेको थियो। नजिकको दायरा वा बन्द ठाउँहरूमा अश्रुग्यासको प्रयोग गर्दा स्थायी चोटपटक वा मृत्युको उच्च जोखिम हुन सक्ने कुरालाई आत्मसात गर्दै अन्तर्राष्ट्रिय मापदण्डहरूले यस्ता अभ्यासहरूलाई निषेध गरेका छन्।

संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरूअनुसार बलको प्रयोग समानुपातिक तरिकाले गर्नुपर्ने र हानि न्यून हुने गरी मात्र हतियार प्रयोग गर्नुपर्ने हुन्छ। प्रदर्शनकारीहरूलाई काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइलबाट बारम्बार प्रहार गर्नु र अस्पतालमा अश्रुग्यास प्रहार गर्नु यी सीमाभन्दा धेरै बाहिर पर्ने कार्य हुन् जसले अत्यधिक र गैरकानुनी बलको प्रयोग भएको देखाउँछ।

यसले नेपालको प्रहरी प्रणालीको गम्भीर विफलता र मानव जीवनप्रतिको गहिरो बेवास्तालाई प्रतिनिधित्व गर्छ। प्रायः शान्तिपूर्ण रहेका प्रदर्शनकारीहरू विरुद्ध जानाजानी र लापरबाहीपूर्वक धातुका गोली, काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइलहरू, पानीको फोहोरा र अश्रुग्यासको प्रयोग कुनै पनि परिस्थितिमा जायज ठहर्दैन। यी कार्यहरूले अन्तर्राष्ट्रिय कानुनको मात्र नभएर नेपालकै संविधानले सुनिश्चित गरेको जीवन, मर्यादा र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको पनि उल्लङ्घन हुन पुगेको छ। स्वतन्त्र अनुसन्धान र अभियोजनमार्फत जिम्मेवार व्यक्तिहरूलाई जवाफदेही नबनाएसम्म र नेपालले तुरुन्तै आफ्नो प्रहरी परिचालन र नियमनका अभ्यासहरूलाई सुधार नगरेसम्म यी हत्याका घटनाहरू घट्नलाई सहज बनाइराखेको दण्डहीनता जारी रहनेछ र यसले भविष्यमा हुने भेला र ती भेलामा सहभागी हुनेहरूको जीवनलाई जोखिममा पार्नेछ।

# ९. सिफारिसहरू

## नेपालका अधिकारीहरूका लागि

१. विश्वव्यापी *आवधिक* समीक्षा (युपिआर) को तेस्रो चक्रको *३७ औं* सत्र (सन् २०२१) मा शान्तिपूर्ण सभाको अधिकारमाथि हस्तक्षेप रोक्न र प्रदर्शनकारीमाथि अत्यधिक बलको प्रयोगलाई अन्त्य गर्नका लागि फ्रान्स, आइसल्यान्ड र लाट्भियाद्वारा नेपाललाई दिइएको र नेपाल सरकारले समर्थन जनाएको सिफारिसहरू १५९.७८, १५९.८१ र १५९.८२ लाई पूरा गर्ने,

## नेपाल प्रहरी र सशस्त्र सुरक्षा बलहरूका लागि

१. २०८२ भाद्र २३ गतेका दिन भएको प्रदर्शनकारीहरूको हत्यासम्बन्धी अनुसन्धानका नतिजाहरू तत्काल र सार्वजनिक रूपमा प्रकाशित गर्ने र थाती रहेका सबै अनुसन्धानहरूलाई शीघ्र सम्पन्न गर्ने।

२. भेलाहरूसम्बन्धी कानुन र नियमावलीहरूले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धिअन्तर्गत नेपालले पालना गर्नुपर्ने दायित्वहरूको सम्मान गर्ने कुराको सुनिश्चित गर्ने र कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरूलगायतका अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्डहरूलाई पालना गर्ने।

३. भेलाप्रतिको समग्र दृष्टिकोणलाई पुनरावलोकन गर्ने र संघीय संसद्जस्ता लक्षित स्थानबाट देखिन र सुनिन सक्ने क्षेत्र भित्र सभा आयोजना गर्नमा लगाइएको आम प्रतिबन्धलाई हटाई शान्तिपूर्ण विरोध प्रदर्शनलाई प्रहरीले सहजीकरण गर्ने कुरा सुनिश्चित गर्ने र परिस्थितिलाई तनावपूर्ण बनाउन सक्ने कुनै पनि उपाय वा रणनीति प्रयोग नगर्ने।

४. मृत्यु वा कुनै व्यक्तिमाथि गम्भीर चोटपटकको सन्निकट खतरा नहुँदा पनि मानिसहरूको समूहमा गोली चलाउन अनुमति दिने स्थानीय प्रशासन ऐनअन्तर्गत रहेर विरोध प्रदर्शनको नियमनका लागि बन्दुकको प्रयोग गर्ने वा गोली हान्ने आदेश दिनबाट टाढा रहने। सभाहरूलाई नियमन गर्न वा तितरबितर पार्नका लागि बन्दुकको प्रयोगलाई स्पष्टसँग निषेध गर्न र बन्दुकको कुनै पनि प्रयोग केवल जीवन वा गम्भीर चोटपटकको सन्निकट खतराको प्रतिवादका लागि मात्र कडाइका साथ सीमित गरी त्यसलाई व्यवहारमा पनि कडाइका साथ परिपालना गरिएको सुनिश्चित गर्न घरेलु कानुन र परिचालन निर्देशिकाहरूलाई संशोधन गर्ने।

५. केवल "हिंस्रक वा विनाशकारी प्रवृत्ति" को शंकाको आधारमा नभई कुनै खास व्यक्तिहरूलाई लक्षित गरी संबोधन गर्न नसकिने वास्तवमै व्यापक तहको हिंसाको अवस्थामा मात्रै अश्रुग्यासलाई प्रयोग गरिने कुरा सुनिश्चित गर्ने। यसका साथै बन्द स्थानहरूमा अश्रुग्यासको प्रयोगलाई निषेध गर्ने र कानुन र सभा नियमनको अभ्यास दुवैले सभाहरूको व्यवस्थापनमा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको पालना गरिने कुरालाई सुनिश्चित गर्ने।

६. शान्तिपूर्ण भेलाहरूलाई तितरबितर गर्न काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल (केआईपि) (रबर बुलेट र भीड-नियन्त्रणसम्बन्धी त्यस्तै गोला बारूदसमेत) को प्रयोगलाई निषेध गर्ने। सन्निकट खतरालाई सम्बोधन गर्नका लागि कम हानिकारक उपायहरू अपर्याप्त भएको अवस्थामा मात्रै अरूमाथि गम्भीर हिंसामा संलग्न व्यक्तिहरूलाई मात्र लक्षित गर्न कडाइका साथ केआईपिहरूको कुनै पनि प्रयोगलाई सीमित गरिएको सुनिश्चित गर्ने।

७. गम्भीर चोटपटक वा मृत्यु नै हुने सम्मको अत्यधिक जोखिमयुक्त रबर-लेपित धातुका गोलीहरूको प्रयोगलाई बन्द र निषेध गर्ने।

८. कम हानिकारक उपायहरूबाट नियन्त्रण गर्न नसकिने तहको वास्तविक, व्यापक र गम्भीर हिंसालाई सम्बोधन गर्नका लागि कानुनी, आवश्यक र समानुपातिक देखिने जस्ता कडाइका साथ परिभाषित परिस्थितिहरूमा मात्र पानीका फोहोरालाई प्रयोग गर्ने र मानिसहरू भाग्न नसक्ने साँघुरो ठाउँमा कहिल्यै यसलाई प्रयोग नगर्ने कुराको सुनिश्चित गर्ने। प्रयोग गर्नु अघि पूर्व चेतावनी आवश्यक हुने व्यवस्था गर्ने र छोटो दूरीबाट व्यक्तिको टाउको वा शरीरको माथिल्लो भागलाई लक्षित गरी प्रयोग गर्ने कार्यलाई निषेध गर्ने।

९. कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा घातक र कम घातक हतियार प्रयोगसम्बन्धी स्थापित कुनै पनि नियमावलीहरूलाई सार्वजनिक रूपमा प्रकाशित गर्ने र सर्वसाधारणले सहज रूपमा पहुँच पाउने सुनिश्चित गर्ने।

१०. प्रहरीद्वारा भएको बलको अनावश्यक र अत्याधिक प्रयोगका पीडितहरूका लागि क्षतिपूर्ति कसरी बाँडफाँड गरिन्छ भन्ने स्पष्ट निर्देशिकासहित एउटा क्षतिपूर्ति कोष स्थापना गर्ने। पीडित र मृतकका परिवारले पर्याप्त क्षतिपूर्ति पाएको सुनिश्चित गर्न मृत्यु र चोटपटकका सबै घटनाहरूको समीक्षा गर्ने। यसका साथै पीडितहरूलाई पर्याप्त चिकित्सा हेरचाहमा पहुँच र पुनर्स्थापनालगायत पूर्ण र प्रभावकारी परिपूरणको सुनिश्चित गर्ने।

११. कानुन कार्यान्वयन अधिकारीहरूद्वारा प्रदर्शनकारीहरू विरुद्ध भएका अपराध र मानवअधिकार उल्लङ्घनहरूको अनुसन्धान गरिरहेका नव गठित न्यायिक छानबिन आयोगलाई पूर्ण रूपमा सहयोग गर्ने।

## नेपालको संसद्को लागि

१. सभालाई तितरबितर पार्न बन्दुकको प्रयोगलाई स्पष्ट रूपमा निषेध गर्न र बन्दुकको कुनै पनि प्रयोग केवल जीवन वा गम्भीर चोटपटकको सन्निकट जोखिमलाई टार्नुपर्ने अवस्थामा मात्र सीमित गर्न र यसलाई व्यवहारमा कडाइका साथ पालना गरिएको सुनिश्चित गर्न स्थानीय प्रशासन ऐन, २०२८ लगायतका अन्य घरेलु कानुन र कार्यगत निर्देशिकाहरूलाई संशोधन गर्ने।

२. नेपाली कानुनअन्तर्गत हाल अनुमति प्राप्त भएअनुसार हिंसाको अनुमानित वा सामूहिक स्रोतको आधारमा कुनै पनि पुरै सभा, जुलुस वा भीड विरुद्ध फराकिलो क्षेत्रमा फैलने रासायनिक उत्तेजक पदार्थ ("अश्रुग्यास") को प्रयोगलाई निषेध गर्नेगरी स्थानीय प्रशासन ऐनलगायतका अन्य घरेलु कानुन र कार्यगत निर्देशिकाहरूलाई संशोधन गर्ने। अश्रुग्यासको प्रयोग केवल व्यापक हिंसाका घटनामा मात्र सीमित गरी यसको प्रयोग कहिले र कसरी गर्ने भन्ने स्पष्ट निर्देशनसहितको विनियमहरू बनाउने।

३. हालको कानुनले काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल (केआईपि)लाई स्पष्ट रूपमा पहिचान नगरेकोले वा केआइपिहरूको लागि सुरक्षात्मक उपायहरू पनि प्रदान नगरी भीड नियन्त्रणका लागि प्रहरीद्वारा यसको प्रयोग भए तापनि अस्पष्ट रूपमा "गोली चलाउने"मात्र भनी भनिएकोले केआईपिहरूको प्रयोगलाई स्पष्ट रूपमा नियमन गर्न स्थानीय प्रशासन ऐनलाई संशोधन गर्ने। यस्ता विनियमहरूले सभालाई तितरबितर पार्नका लागि केआईपीहरूको प्रयोग गर्न वा भीडमा केआईपिहरू प्रहार गर्न निशेध गर्नुपर्छ।

## न्यायिक जाँचबुझ आयोगका लागि

१. २०८२ भाद्र २३ र २४ गते कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा प्रदर्शनकारीमाथि बन्दुक, अश्रुग्यास, पानीको फोहोरा र काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइलहरूसमेतको दुरूपयोग गरी गैरकानुनी रूपमा बल प्रयोग गरेको थुप्रै आरोपहरूको **शीघ्र, स्वतन्त्र, निष्पक्ष र प्रभावकारी अनुसन्धान** गरिएको सुनिश्चित गर्ने र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्डअनुसारको उचित कारबाहीका लागि फौजदारी दायित्वको प्रमाणसहितका अनुसन्धानका निष्कर्षहरू **नेपाली अधिकारीहरूलाई बुझाउने** ।

२. अनुसन्धानका निष्कर्षहरूलाई **सर्वसाधारणको पनि पहुँच हुने माध्यमबाट समयमै प्रकाशित गर्ने।**

## नेपालको महान्यायाधिवक्ताको कार्यालयका लागि

१. प्रदर्शनका क्रममा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा भएका गैरकानुनी र अत्यधिक बल प्रयोगबाट भएका हत्या, आक्रमण र चोटपटकसम्बन्धी सबै आरोपहरूको पूर्ण र निष्पक्ष तरिकाले छानबिन गरिएको

र जिम्मेवार जोसुकै – चाहे बरिष्ठ वा कनिष्ठ अधिकारी – लाई निष्पक्ष सुनुवाइको माध्यमबाट न्यायको कठघरामा ल्याइएको सुनिश्चित गर्ने।

२. २०८२ भाद्र २३ र २४ गते कानुन कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा प्रदर्शनकारीमाथि बन्दुक, अश्रुग्यास, पानीको फोहोरा र काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइलहरूसमेतको दुरूपयोग गरी गैरकानुनी रूपमा बल प्रयोग गरेको थुप्रै आरोपहरूको **शीघ्र, स्वतन्त्र, निष्पक्ष र प्रभावकारी अनुसन्धान** गरिएको सुनिश्चित गर्ने र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्डअनुसारको उचित कारबाहीका लागि फौजदारी दायित्वको प्रमाणसहितका अनुसन्धानका निष्कर्षहरू **नेपाली अधिकारीहरूलाई बुझाउने** ।

## नेपालसँगको द्विपक्षीय सहयोगमा संलग्न सरकारलगायत अन्तर्राष्ट्रिय समुदायका लागि

१. शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकारको संरक्षण र सहजीकरणका लागि नेपालका अधिकारीहरूलाई आह्वान गर्न उपलब्ध भएसम्मका सबै द्विपक्षीय, बहुपक्षीय र क्षेत्रीय मञ्चहरूलाई प्रयोग गर्ने।

२. कुनै पनि द्विपक्षीय कानुन कार्यान्वयनसम्बन्धी सहयोग संयन्त्र वा कम घातक हतियारको बिक्रीले प्रदर्शनकारीविरुद्ध हुने मानवअधिकार उल्लङ्घनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान नगर्ने सुनिश्चित गर्ने। यस सन्दर्भमा यातना दिन वा अन्य दुर्व्यवहार गर्न प्रयोग गर्न सकिने कानुन कार्यान्वयनका उपकरणसँग सम्बन्धित नेपालसँगको कुनै पनि व्यापारलाई नियमन गर्नका लागि स्पष्ट कानुनी नियन्त्रणका संयन्त्रहरूको स्थापना भएको सुनिश्चित गर्ने।

३. बलको गैरकानुनी प्रयोगमा जिम्मेवार अधिकारीहरूलाई पूर्ण रूपमा अनुसन्धान नगरेसम्म र उपयुक्त अवस्थामा उनीहरूलाई न्यायको कठघरामा नल्याएसम्म तथा बलियो जवाफदेहिता संयन्त्रहरू स्थापित नभएसम्म नेपालका कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई प्रदान गर्ने तालिम, कानुन कार्यान्वयनका उपकरण र अन्य सुरक्षा सहायता लगायत नेपाल सरकारसँग जारी रहेका सहयोगलाई तत्काल समीक्षा गर्ने। साथै पीडितहरूले राज्यबाट भरणपोषण, न्यायोचित र पर्याप्त आर्थिक क्षतिपूर्ति तथा उपयुक्त चिकित्सा सेवा र पुनर्स्थापना लगायतका परिपूरण शीघ्रातिशीघ्र प्राप्त गरेको सुनिश्चित गर्न नेपाली अधिकारीहरूसँग माग गर्ने।

हामी सबैले हाम्रो मानवअधिकार उपभोग गर्न सकौं भन्नका लागि सबैमा अन्तर्निहित मानवतालाई परिचालन गर्दै अभियान सञ्चानल गर्ने एक करोड भन्दा बढी मानिसको अभियान हो एम्नेस्टी इन्टरनेसनल। हामीले यस्तो संसारको परिकल्पना गरेका छौं जहाँ सत्तामा रहेकाहरूले आफ्नो वाचा पूरा गर्ने, अन्तर्राष्ट्रिय कानुनलाई सम्मान गर्ने र जवाफदेहिता प्रदर्शन गर्ने छन्। हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौं र सदस्यता शुल्क तथा सार्वजनिक अनुदान हाम्रो आर्थिक श्रोत हो। संसारभरीका मानिसहरूसँग ऐक्यबद्धता र सद्भावका साथ मिलेर काम गर्दा हाम्रा समाजहरू सँदाका लागि अझ राम्रो हुनेछ भन्ने कुरामा हामी विश्वास राख्दछौं।


**Contact**

info@amnesty.org

amnesty.org

facebook.com/
Amnesty

@Amnesty

Amnesty International
Peter Benenson House
1 Easton Street
London WC1X 0DW, UK



अन्य तरिकामा उल्लेख गरिएको बाहेक, यो दस्तावेजको सामग्री क्रिएटिभ कमन्स (attribution, non-commercial, no derivatives, international 4.0) को मातहतमा इजाजत प्राप्त छ।
(*creativecommons.org/licenses/by-nc-nd/4.0/legalcode)*

एम्नेस्टी इन्टरनेसनल बाहेक अन्यको प्रतिलिपि अधिकार भएको सामग्री क्रिएटिभ कमन्सअन्तर्गत पर्ने छैन।

थप जानकारीको लागि हाम्रो वेबसाइट www.amnesty.org को अनुमति पृष्ठमा हेर्नुहोला।



Index: **ASA 31/0529/2025**
Publication: **December 2025**
Original language: **English**



© Amnesty International 2025